## २३ सय कामदारलाई रोजगार

काठमाडौं । वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मुलक जापानले सन् २०२० का लागि कुल २ हजार ३ सय जना नर्सिङ केयर गिभर कामदार मागेको छ । जापानमा नर्सिङ केयर गिभरका रूपमा काम गर्न जानेहरूका लागि यही जनवरी र मार्चमा जापानी भाषा परीक्षा हुने भएको हो ।

नेपाल र जापान सरकारबीच केही महिनाअघि भएको श्रम सहयोग समझदारीबमोजिम नेपालबाट नर्सिङ केयर गिभरका लागि पुनः परीक्षा गर्न लागिएको हो । नेपाल र जापान सरकारबीच दक्ष कामदार **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक ३६, २०७६ साल पुस २५ गते शुक्रबार, नेपाल संवत् ११४० (Jan. 10, 2020) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## कतै वर्षा कतै हिमपात

काठमाडौँ । पश्चिमी न्यूनचापीय वायुको प्रभावले बिहीबार काठमाडौँ उपत्यकासहित देशभर हल्का वर्षा र उच्च पहाडी तथा हिमाली भू-भागमा मध्यमदेखि भारी हिमपातको सम्भावना रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।


सोमबार बेलुकाबाट प्रवेश गरेको पश्चिमी वायुको प्रभावले देशैभरि बदलीसहित वर्षा तथा उच्च पहाडी र हिमाली भू-भागमा हिमपात भइरहेको मौसमविदहरुले जनाएका छन् ।

हाल देशका पश्चिमी भू-भागमा सामान्यदेखि पूर्ण बदली रहने तथा बाँकी स्थानमा **बाँकी ८ पेजमा**

# कालापानीमा फेरि भारतको दाबी

काठमाडौं । नेपालले कालापानी आफ्नो भनी दाबी गरिरहँदा भारतीय पक्षले भने कालापानी आफ्नो देशको सार्वभौम क्षेत्र भएको दाबी गर्दै कुनै पनि हालतमा नक्सा परिवर्तन नगर्ने जनाएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रविश कुमारले सीमाको विषयमा भारत स्पष्ट रहेको साप्ताहिक प्रेस ब्रिफिङमा बताएका छन् ।

प्रवक्ता रविशकुमारले पत्रकार सम्मेलनमा भने- 'कालापानी क्षेत्र भारतको मानचित्र हो, सार्वभौम क्षे त्र हो ।' उनले सीमाको विषयमा कुनै विवाद नभएको बताए । उनले आफूहरुले जारी गरेको नयाँ नक्सा सही भएको दाबी गरे । 'हाम्रो नक्साले ठीकसँग भारतको भूभागलाई समेटेको छ' उनले भने- यसले नेपाललाई कुनै असर गर्दैन । नेपाललाई हानी नोक्सानी पुऱ्याउने गरी आफ्नो राजनीतिक नक्सा नबनेको समेत उनले पत्रकारहरुलाई बताए ।




भारतले सीमा नक्सा परिवर्तन नगर्ने समेत स्पष्ट पारेको छ । भारतले आफ्नो नयाँ राजनीतिक नक्सा सार्वजनिक गरेपछि सीमा नक्सामा कुनै हेरफेर नहुने यस अघि पनि संकेत देखाइसकेको थियो । भारतीय पक्षले नेपाली भूमि मिचेको भन्दै राजनीतिक नक्सा परिवर्तन गरेर कालापानी क्षेत्रबाट भारतीय सेना फिर्ता गर्न सरकारलाई चौतर्फी दबाब छ । परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीले राष्ट्रिय सभामा बोल्दै प्रारम्भमा नक्सा परिवर्तन गरी त्यसकै आधारमा सीमा सार्ने भारतको प्रवृत्ति भएको बताएका छन् । उनले सीमा नक्सा भारतले कोर्दैमा कालापानी क्षेत्र भारतको हुन नसक्ने बताएका छन् । भारतले नेपाली सीमा अतिक्रमण गरेको विषयमा राष्ट्रिय सभाका सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री ज्ञवालीले सो बताएका हुन् ।

सीमामा नेपालको प्रशासनिक क्षेत्र नहुँदा त्यसको फाइदा उठाउँदै भारतले नेपाली भूभाग मिचेको उनले बताए । भारतले कालापानी लिम्पियाधुरा र लिपुलेक अतिक्रमण गर्ने क्रममा नक्कली कालीनदी समेत बनाएको उनले जानकारी दिए । कालापानीलाई पश्चिम पारेर दोस्रो पटक भारतले सीमा मिचेको तथ्य पाइएको बताए । 'पानी ढलोको आधार बनाएर अतिक्रमण गरेको देखिन्छ' उनले भने । परराष्ट्र मन्त्रालयले यसअघि पनि भारतीय राजनीतिक नक्सा सार्वजनिक भएपछि विज्ञप्ति जारी गर्दै कालापानी, लिम्पियाधुरा र लिपुलेक भारतले अतिक्रमण गरेको भन्दै दुई देशको विवाद कूटनीतिक तहबाट समाधान गर्ने भनेको थियो ।

२ नोभेम्बरमा भारतले सार्वजनिक गरेको नक्सालाई अस्वीकार गर्ने परराष्ट्र मन्त्रालयले ६ नोभेम्बरमा नेपाल सरकारको धारणा सार्वजनिक गरेको थियो । त्यसपछि परराष्ट्र मन्त्रालयले २० नोभेम्बरमा कूटनीतिक नोट भारतलाई पठाएको थियो । वार्ताका लागि २३ नोभेम्बरमा प्रस्ताव गरिएको थियो । नेपालको प्रस्तावप्रति १९ डिसेम्बरमा भारतले सीमामा समस्या रहेको स्वीकार्दै वार्ताका लागि तयार रहेको पत्र पठाएको थियो तर भारतले नक्सा परिवर्तन भने नहुने संकेत देखाइसकेको छ ।

भारतले जारी गरेको नयाँ नक्सामा जम्मु तथा कस्मिर दुई फरक प्रशासनिक क्षेत्रमा विभाजन गरेको छ । सो नक्सालाई पाकिस्तानले अस्वीकार गरेको छ । कस्मिर अधिनस्थ भूभाग आजाद कस्मिरलाई समेत भारतले आफ्नो नक्सामा गाभेको छ । चिनियाँ क्षेत्रको अक्साई चीन क्षेत्रलाई पनि भारतले आफ्नो दाबी गर्दै नयाँ नक्सामा पारेको छ । चीन र भारतबीच सीमा विवाद कायमै छ । लद्दाख र अरुणाञ्चल क्षेत्रका सीमा विवाद टुंगिएको छैन । यी क्षेत्रमा बेलाबेलामा चिनियाँ जनमुक्ति सेना र भारतीय सेना आम्नेसाम्ने हुने गरेका छन् । चिनियाँ राष्ट्रपति सी जिन पिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले क्रमशः भारत भ्रमण र चीन भ्रमणका बेला सीमा विवाद हल गर्ने सहमति गरे पनि अहिलेसम्म सीमा विवादको मुद्दा ज्युँदै छ ।

सन् १९६२ मा भारत-चीन युद्धको बेला कालापानीमा भारतले सैनिक ब्यारेक निर्माण गरेको थियो । आफ्नो अलोकतान्त्रिक शासन जोगाउने उपक्रममा केन्द्रित तत्कालीन राजा महेन्द्रले भारतले नेपालको सिमाना मिचेको थाहा पाउँदा पनि कुनै प्रतिक्रिया जनाएनन् । राजा वीरेन्द्र र राष्ट्रवादी भनाउँदा महापञ्चहरुले पनि कालापानी, सुस्तालगायतका भूमि रक्षाका लागि कुनै सक्रियता देखाएनन् । २०४६ सालमा बहुदलीय व्यवस्था पुनःस्थापनापछि मात्र नेपाली जनताले महाकाली नदी आसपासको भूभाग भारतले मिचेको थाहा पाए । दुई देशको सीमा विवाद समाधान गर्ने प्रयास सन् १९८१ देखि सुरु भए पनि भारतको बेवास्ताका कारण विवाद टुंगिन सकेको छैन । भारतको हेपाहा व्यवहारले नेपाली मनस्थिति आहात **बाँकी ८ पेजमा**

## यति समूह कि ओली समूह ?


काठमाडौं । अहिले मिडियामा यति समूह नामको व्यापारिक समूह चर्चाको शिखरमा रहेको छ । यति समूहलाई राज्यको सम्पूर्ण स्रोत साधन लुटाएर मुलुककै अग्रणी व्यापारिक समूहमा पुऱ्याउन ओली समूहले विशेष भूमिका खेलेको तथ्य छताछुल्ल भएपछि यति समूहभित्र ओली समूह अत्यन्तै बलियो रुपमा रहेको स्पष्ट हुन्छ । यति समूहसँग सञ्चारमन्त्री गोकुल बाँस्कोटा जस्ता ओली समूहका दाहिने हात लगायतका व्यक्ति प्रत्यक्ष रुपमा गाँसिनु र ओली समूहको खर्चपानीको व्यवस्थापन यति समूहबाट हुँदै आउनुले यति समूहलाई ओली समूहभन्दा फरक नपर्ने जानकारहरु दाबी गर्छन् ।



यति समूहलाई राजा वीरेन्द्रको प्रायः सम्पूर्णजसो अचल सम्पत्तिको रखवाला बनाएर ओली समूहले लामो समयसम्म आर्थिक लाभ लिने गतिलो धन्दा स्थापना गरेको अकाट्य प्रमाण थुप्रै सञ्चारमाध्यमले यसअघि नै प्रस्तुत गरिसकेका छन् । नारायणहिटी नजिक दरबारमार्गको सम्पत्तिदेखि गोकर्ण रिसोर्ट हुँदै कालीमाटी लगायत दर्जनौं ठाउँमा यति समूहले जरा गाडिसकेको छ । यति समूह र **बाँकी ८ पेजमा**

## कसले गायब बनायो सुगौली सन्धिको सक्कल ?

काठमाडौं । कालापानी क्षेत्रमाथि भारतले आफ्नो दाबी दोहोऱ्याइरहँदा कालीनदीलाई पश्चिम नेपालको सिमाना मानिएको सन् १८१६ को सुगौली सन्धिको सक्कल नै नेपालसँग नरहेको समाचार बाहिर आएको छ । सर्वोच्च अदालतले १४ पुसमा 'नापी विभाग वा नेपाल सरकारको कुनै निकायमा नेपालको आधिकारिक नक्सा भए त्यसको प्रमाणित प्रतिलिपि तथा सो नक्सा बनाउँदाको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्ने सन् १८१६ को सुगौली सन्धिको अनुसूचीसहितको प्रतिलिपि (पेसीको दिन पेस गरी फिर्ता लैजाने गरी सक्कल प्रति) अदालतमा पेस गर्नु' भन्ने आदेश दियो । योसँगै आदेशमा सन् १८१६ को ब्रिटिस इन्डियासँगको सन्धि १८१७ फेब्रुअरी १ मा इस्ट इन्डियाले प्रकाशित गरेको नेपालको नक्सा र सन् १८४६ मा लण्डनमा प्रकाशित भएको भनिएको नेपालको नक्साको प्रतिलिपिसमेत




दाखिला गर्नु' भनिएको छ । यी सबै दस्तावेज बाटोको म्यादबाहेक १५ दिनभित्र उपलब्ध गराउनुपर्नेछ ।

अदालतको यो आदेशपछि सरकारले सुगौली सन्धिको सक्कल खोजी गरिरहेको छ । तर सरकारसँग नेपाल र इस्टइन्डिया कम्पनीबीच सन् १८१६ मा भएको सुगौली सन्धिको सक्कल प्रति छैन । दुई सय चार वर्ष पुरानो सन्धि कहाँ छ, सरकारलाई टाउको दुखाइको विषय बनिरहेको छ । अंग्रेजहरु नेपालको बाटो गरी तिब्बतमा व्यापार गर्न चाहन्थे । तर सिक्किमदेखि सिमलासम्म विस्तीर्ण नेपालले **बाँकी ८ पेजमा**

## नवललाई राष्ट्रवादी नायकको सम्मान



दाङ । वरिष्ठ चलचित्र अभिनेता, निर्माता तथा निर्देशक नवल खड्कालाई 'राष्ट्रवादी नायक सम्मान' बाट सम्मानित गरिएको छ । दाङको घोराहीमा आयोजित 'बुद्ध सरयु चलचित्र महोत्सवमा खड्कालाई राष्ट्रिय झण्डा ओढाएर सम्मान गरिएको थियो । उक्त कार्यक्रममा प्रदेश नं. ५ का सभामुख पूर्णबहादुर घर्ती, **बाँकी ८ पेजमा**

## पप्पु कन्स्ट्रक्सन कालोसूचीमा

काठमाडौं । पप्पु कन्स्ट्रकसन सरकारको कालोसूचिमा परेको छ । सरकारले पप्पु कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचिमा राखेको हो । सार्वजनिक खरिद अनुगमनको कार्यालयले गोरखापत्रमा जारी गरेको सूचनामा रमण-पप्पु जेभीलाई कालोसूचीमा राखिएको उल्लेख छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको सार्वजनिक खरिद अनुगमनको कार्यालयले सो कम्पनीलाई एक वर्षको लागि कालोसूचीमा राखेको जनाएको हो ।

२०७६ साउन २१ गतेदेखि लागू हुने गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा १ बमोजिम कालोसूचिमा राखिएको कार्यालयले जनाएको छ । कालोसूचिमा रहेको समयमा रमण-पप्पु जेभीले सार्वजनिक निकायको कुनै पनि खरिद प्रक्रियामा भाग लिन पाउने छैन ।

हुलाकी सडक निर्देशनालयको सिफारिस अनुसार पप्पु कन्स्ट्रक्सनलाई कालो सूचिमा राखिएको हो । पप्पु कन्स्ट्रक्सनले विभिन्न ठाउँमा ठेक्का लिने तर काम **बाँकी ८ पेजमा**

## विदेशीको अवैध गतिविधि बढ्दै

काठमाडौं । नेपालमा चिनियाँहरुको अवैध क्रियाकलाप बढ्दै गएको छ । गत बुधबार मात्र १२२ जना चिनियाँ नागरिकलाई पर्यटक भिसामा आएर अवैध क्रियाकलाप गरेको भन्दै सरकारले निष्कासन गरेर चीन फर्काएको छ । उनीहरू अब चार वर्ष नेपाल आउन पाउने छैनन् । चालु आर्थिक वर्षमा मात्रै विभिन्न आपराधिक घटनामा जोडिएका पाँच र बुधबारसमेत गरेर १२७ जना चिनियाँ नागरिक निष्कासनमा परेका छन् ।

बैंकिङ प्रणालीलाई नै चुनौती दिनेगरी गत भदौ १४ गते एटिएमको स्विच ह्याक प्रकरणमा छजना चिनियाँ नागरिक काठमाडौँबाट पक्राउ परे । पक्राउ परेका झू लियाङ्याङ, लुओ जियालेइ, लिन जियानमेङ, किऊ युनकिङ र **बाँकी ८ पेजमा**

**सन्दर्भ : पृथ्वी जयन्ती**

## किन सम्झने पृथ्वीनारायण शाहलाई ?

■ **विष्णु भट्टराई**

पृथ्वीनारायण शाह वि.सं. १७७९ पुस २७ गते जन्मेका थिए । उनी २० वर्षकै उमेरमा गोरखा राज्यको राजगद्दीमा बसेका थिए । त्यसबेला भारतमा ब्रिटिसहरुले इस्ट इन्डिया कम्पनीको नामबाट शासन गरिरहेका थिए । ब्रिटिसहरु १५ औं शताब्दीमा इस्ट इन्डिया कम्पनीको नाममा भारत पसेका थिए । झन्डै ५ सय राजारजौटाहरुलाई नियन्त्रणमा लिएर शासन गरिरहेका अंग्रेजहरु नेपालको बाटो हुँदै चीनसँग व्यापार गर्न चाहन्थे । यसका लागि कि त नेपालसँग सम्झौता गर्नुपर्थ्यो कि त कब्जामा लिनुपर्थ्यो । यही कारण सन् १८१४ देखि १८१६ सम्म युद्ध भएको थियो । यस युद्धको अन्त्य सुगौली सन्धिपछि मात्र भयो । यो सन्धिले नेपालको नक्सा नै परिवर्तन गरिदियो । पूर्वमा मेचीपारि टिस्टासम्म र पश्चिममा महाकालीपारि



काँगडासम्मको नेपालको भूभाग अंग्रेजको नियन्त्रणमा गयो । अर्थात् नेपालको एकतिहाई भूभाग गुम्यो ।

अंग्रेजहरु व्यापारसँगै उपनिवेश विस्तार गरिरहेका थिए । त्यसबेला ग्रेटर नेपाल बनेको थिएन । पश्चिममा बाइसे, चौबिसे राज्यहरु, काठमाडौं उपत्यकामा अनेक नगरराज्यहरु, पूर्वमा वल्लो किराँत, पल्लो किराँत, माझ किराँत र सेनहरुका विजयपुर, चौदण्डी, मकवानपुर आदि राज्यहरु थिए । बंगाल र विहारमा आधिपत्य जमाइसकेको अंग्रेजलाई असंगठित टुक्रे राज्यहरु हात पार्न कुनै साइत हेर्नुपर्दैनथ्यो । तर तत्कालीन परिस्थिति बुझेका पृथ्वीनारायण शाहले अंग्रेज पक्ष यता बढ्न नपाउँदै खण्डित राज्यहरुलाई एक गर्ने दूरगामी महत्वाकांक्षा लिए । २६ सेप्टेम्बर १७४४ मा दोस्रो पटक नुवाकोटमाथि सफल आक्रमण गरेर उनले राष्ट्रिय एकीकरणको अभियान सुरु गरे । राष्ट्रिय एकीकरणको अभियान पूर्वतिर निरन्तर अगाडि बढ्दै सन् १७६६ मा कीर्तिपुर, १७६८ मा कान्तिपुर, १७६९ मा ललितपुर र भक्तपुरलाई एकीकृत गरेपछि १७७३ मा माझ किराँत हुँदै १७७४ को अन्त्यतिर दार्जिलिङ पुग्यो । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरे । कसैको धर्म संस्कृतिमाथि आघात गरेनन् । काठमाडौं जितेपछि उनले जीवित देवी (कुमारी) लाई ढोगे । भक्तपुर राज्यको चन्द्रसूर्य अंकित झण्डालाई राष्ट्रिय झन्डा स्वीकार गरे । नेवारी संस्कृतिलाई सम्मान गरे र काठमाडौंलाई राजधानी बनाए । उनले देशको नाम गोरखा राखेनन् नेपाल राखे ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, गृहमन्त्री कृष्णप्रसाद सिटौला गृहसचिव उमेश मैनालीलगायतले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको अपमान गर्दै **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाई**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सम्पादन सहयोगी**
**गोविन्द विक**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सार्वजनिक शौचालयको खाँचो

काठमाडौं उपत्यकामा जनसंख्या तीव्र रूपमा बढिरहेको छ । सहरी क्षेत्रका मुख्य चोकहरूमा एकै छिन मात्र उभियो भने पनि सयौंको संख्यामा बाटो वारपार गर्नेको भीड देख्न सकिन्छ । पहिला असन, इन्द्रचोक, न्युरोडतिर देखिने भीड अहिले बानेश्वर, कोटेश्वर, गौशाला, मैतीदेवी, पुतलीसडक, कलंकी, नारायणगोपाल चोकलगायत जताततै देखिन थालेको छ । स्थायी बसोबास गर्ने अस्थायी रूपमा बस्ने र घुमघाम गर्न आउनेको संख्या काठमाडौं उपत्यकामा दिनानुदिन बढिरहेको भए तापनि मानिसलाइ नभई नहुने आधारभूत सुविधासमेत सहरमा सजिलै उपलब्ध हुँदैन । सार्वजनिक शौचालय मानिसको भीड हुने ठाउँमा व्यवस्थित र सहज ढंगले उपलब्ध हुन अत्यावश्यक भए पनि त्यसको व्यवस्था पर्याप्त मात्रामा गर्न सकेको पाइँदैन ।

यस पत्रिकाको कार्यालयमा एकजना पचासी वर्षीय वृद्ध आफूलाई शौचालय अभावले पारेको समस्या सविस्तार सुनाउँदै यसबारेमा सम्बन्धित निकायको अविलम्ब ध्यानाकर्षण हुनुपर्ने बताएका छन् । हुन त काठमाडौं महानगरपालिकाले केही ठाउँमा सार्वजनिक शौचालय निर्माण गरेर सञ्चालन गरिरहेको छ । महानगरले सञ्चालन गरेका ती शौचालयमा सशुल्क सुविधा दिने व्यवस्था गरिएको छ । ५ रूपैयाँदेखि २० रूपैयाँसम्म असुल्ने यस्ता शौचालय एकातिर सीमित संख्यामा रहेका छन् भने अर्कातिर खल्तीमा पैसा नहुनेका लागि पहुँच बाहिर देखिन्छन् । सरकारले मुलुकलाई नै खुला दिसामुक्त बनाउने भने तापनि शौचालयको अभावमा बाटोघाटो अलि कुना परेको ठाउँ र रूखका फेदहरूमा जतासुकै मलमूत्र त्याग गरेको देखिन्छ । दिनहुँ सयौं सेवाग्राहीको भीड लाग्ने नारायणहिटीमा रहेको परराष्ट्रको पासपोर्ट शाखा र बाटो पारिपट्टि रहेको शिक्षा मन्त्रालयको विद्यार्थीको एन.ओ.सी. लेटर बनाउने ठाउँमा शौचालय सुविधा उपलब्ध गराउनको साटो पर्खाल र रूखको फेदमा भगवानको फोटो टाँसेर बाटो सफा राख्ने रक्षाकवज अघि सारिएको छ ।

काठमाडौं महानगरले जनतासँग अर्बौं कर असुल्छ । त्यसैगरी उपत्यकाका ललितपुर, भक्तपुरलगायतका नगरपालिका पनि कर असुलीमा अग्रपंक्तिमै आउँछन् । जनतासँग पर्याप्त कर असुली गर्न सक्नेले जनतालाई शौचालय जस्तो आधारभूत र नभइनहुने कुराको सहुलियत अथवा सुविधा दिन नसक्नु लज्जास्पद विषय हो । मुलुक नेपाल भ्रमण वर्ष २०२० घोषणा गरेर पर्यटकको पर्खाइमा रहेको छ । हवाईमार्गबाट नेपाल भित्रिने पर्यटकको पहिलो पाइला पर्ने ठाउँ काठमाडौं उपत्यका नै हो । प्राचीन संस्कृति, कला, धार्मिक तीर्थस्थल र पर्यटकीय महत्वका सम्पदाको धनी उपत्यकामा पर्यटकलाई सहज वातावरण उपलब्ध गराउन सरसफाइको महत्व अपरिहार्य देखिन्छ । विदेशी पर्यटकहरू स्वच्छ र सफा वातावरण चाहन्छन् । यसको विपरीत उपत्यकाको पहिचान प्रदूषित सहरको बन्दै गइरहेको छ । यसलाई सच्याउन धूवाँ, धूलो, हिलो र दिसापिसाब मुक्त स्वच्छ सहरी वातावरण निर्माण गर्नु मूल दायित्वभित्र पर्छ । काठमाडौं महानगर तथा अन्य निकायहरूको पहिलो ध्यान सरसफाइमा जान आवश्यक छ । सहरमा घुम्दा सहज ढंगले मलमूत्र विसर्जन गर्ने शौचालय निर्माण गर्नेतर्फ समेत बेलैमा ध्यान जानुपर्ने देखिन्छ ।



दृष्टिकोण

# अमेरिका तेस्रो विश्वयुद्ध निम्त्याउँदैछ, नेपाल यसमा फँस्दै छ, सावधान !!!



**सुरेन्द्र ढकाल**

**नेपाल अब अमेरिका र चीनको द्वन्द्वको मुख्य क्षेत्र बन्न लागेको छ । यसो भएमा नेपालको हविगत अफगानीस्तानको जस्तो हुँदै नेपालले सिक्किमको नियति भोग्ने मात्रै नभै तृतीय विश्वयुद्ध नेपालबाट शुरू नहोला भन्न नसकिने अवस्था आएको छ ।**

प्रथम र द्वितीय विश्वयुद्ध शक्ति राष्ट्रहरुको व्यापारिक स्वार्थकै कारणबाट भएको थियो । विचारधारात्मक द्वन्द्वको कारण तत्कालिन सोभियत संघ र अमेरिकाबीचको प्रतिष्पर्धाको कारण विश्वयुद्धपछि पनि सोभियत संघको पतन नहुञ्जेल विश्वमा शीतयुद्ध चलिरह्यो । यस शीतयुद्धमा सामेल हुन नचाहने राष्ट्रहरुले आफूलाई असंलग्न राष्ट्र घोषित गरी अमेरिका र सोभियत संघबीचको विचारधारात्मक द्वन्द्वबाट आफूहरुलाई तटस्थ राखेका थिए ।

९० को दशकमा भएको सोभियत संघको पतन र शीतयुद्धको अन्तपश्चात् कोही विश्वमा अमेरिका मात्र महाशक्ति रहेको एक ध्रुवीय विश्व बन्न पुग्यो भन्छन् भने कोही बहुध्रुवीय विश्व बन्न पुगेको लख काट्छन् । हिजो शितयुद्ध चल्दा विकास सहयोगको अन्तर्राष्ट्रिय राजनीतिको हावी थियो भने शीतयुद्धको अन्त हुनासाथ पुँजीवादी शक्तिराष्ट्रहरु अब सहयोग होइन, व्यापार (Trade Not Aid) भन्न थाले जसको कारण विश्व व्यापार संगठनको जन्म भयो । तर अचम्मको कुरा अमेरिका लगायतका पुँजीवादी शक्तिहरुको अगुवाइमा स्थापना भएको यस विश्व व्यापार संठगनको सदस्य बनेर सबैभन्दा बढी फाइदा समाजवादी चीनले उठायो र विश्व बजारमा आफ्नो वस्तुको झण्डै एकाधिकार कायम गर्न सफल रहयो । यही कारण चीनको केन्द्रीय बैंकमा ४० खरब डलरभन्दा बढी विदेशी मुद्रा जम्मा हुन पुगेपछि त्यस पुँजीलाई अन्तर्राष्ट्रिय रुपमा लगानी गर्ने उद्देश्यबाट चीनले अन्तर्राष्ट्रिय पूर्वाधार विकास बैंकको स्थापना गरी वेल्ट रोड इनिसियटिभको नाममा अन्तर्राष्ट्रिय रुपमा नै लगानी गर्ने महत्वाकांक्षी विशुद्ध व्यावसायिक योजना अघि सारेपछि अमेरिकाको सातो उड्यो । अनि आफैंको अगुवाइमा स्थापना गरेको विश्व व्यापार संगठनको नीति नियमलाई धज्जी उडाउँदै अमेरिकी ट्रम्प प्रशासनले चिनिया वस्तुहरुमा अधिकतम भन्सार दर थपेपछि चीनले पनि अमेरिकी वस्तुमा त्यही दरमा भन्सार बढाइदिएको कारण अहिले अमेरिका र चीनबीच व्यापार युद्ध चलिरहेको छ ।

चीनसँगको व्यापार युद्ध एक्लैले लड्न नसक्ने देखेर अमेरिकाले अहिले इण्डोप्यासिफिक रणनीति अघि सारेको छ । गत जुन २०१९ मा अमेरिकी विदेश विभागले जारी गरेको पछिल्लो विज्ञप्तिमा चीन र रुसलाई सुधारात्मक शक्ति अनि इरान र उत्तरकोरियालाई आतंककारी शक्तिमा दर्ज गर्दै विश्वका देशहरुलाई यिनीहरुको पछि नलाग्न आग्रह गर्दै इण्डोप्यासिफिक रणनीतिको साझेदार बनाउँदै लगेको छ ।

यस रणनीतिले मुख्यतया तीन क्षेत्र, सुशासनको प्रवर्द्धन, अर्थतन्त्र र सुरक्षा अँगालेको छ । यसको मतलव यस अमेरिकी रणनीतिका साझेदार राष्ट्रहरुलाई अमेरिकाले प्रजातन्त्र र सुशासन कायम गर्न, आर्थिक विकास गर्न र सैन्य स्थिति सुदृढ गर्न मद्दत गर्ने भनिएको छ । यसरी गर्ने भनिएको सहयोगको लागि धनराशिको जोहो गर्न अमेरिकी नेतृत्वमा मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) को स्थापना भई अन्तर्राष्ट्रिय रुपमै व्यावसायिक निजी क्षेत्रलाई यसमा लगानीको रुपमा पैसा जम्मा गर्न लगाइएको छ ।

यस इण्डोप्यासिफिक रणनीतिको कार्यान्वयनको कारण अब विश्व व्यापार संगठन बन्द हुने अवस्थामा पुगेको छ भने चीनसँग अमेरिकाको सोझो व्यापार युद्ध शुरु भएको छ । यस रणनीतिअन्तर्गत आतंककारी भनिएका इरान र उत्तर कोरियाजस्ता राष्ट्रहरुलाई अमेरिकाले संयुक्त राष्ट्रसंघ समेतलाई संलग्न गरी आर्थिक नाकाबन्दी मात्रै नगरी सैनिक कारवाही नै सुरु गरेको छ ।

इरानी सैनिक प्रमुख सुलेमानी यसै क्रममा मारिएका छन् भने इरानले त्यसको प्रत्युत्तरमा इराकमा रहेको अमेरिकी सैनिक क्याम्पमा क्षेप्यास्त्र आक्रमण गरी बदला लिएको छ । उता सुशासनको नाममा हङकङ र मकाउमा आन्तरिक विद्रोहको ज्वाला दन्काउँदै चीनलाई विखण्डन गर्ने कार्यको शुरुवात अमेरिकाले गर्नुले विश्वयुद्धको कालो बादल एसिया प्रशान्त क्षेत्रमा मडारिन थालेको छ ।


### अमेरिकी रणनीतिमा नेपालको संलग्नता

नेपालले चीनले सुरु गरेको विआरआईमा हस्ताक्षर ठोक्नुले अमेरिका नेपालबाट पनि आतंकित भएको थियो । त्यसैले अमेरिकी विदेश मन्त्रालयले इण्डोप्यासिफिक रणनीतिमा नेपालको केन्द्रीय भूमिका हुने भन्दै नेपाललाई उक्त रणनीतिमा सामेल गरायो । तत्कालिन नेपाली कांग्रेसको सरकारका अर्थमन्त्री ज्ञानेन्द्र कार्कीले उक्त रणनीतिमा हस्ताक्षर ठोकेपछि नेपालले एमसिसिबाट ५० करोड डलरको आर्थिक सहयोग पाउने भएको छ । अचम्मको कुरा झन् के छ भने कांग्रेसको सरकारले ठोकेको हस्ताक्षरअनुरुप नेपाल कम्युनिष्ट पार्टीको सरकारले उक्त रणनीतिलाई कार्यान्वयन गर्दै नेपालमा दशकौंदेखि लगानी गरी व्यवसाय गर्दै आएका उत्तर कोरियालीहरुलाई नेपालबाट लखेटेर उनीहरुकै देशमा फिर्ता पठाएको छ । अब नेपाल सरकारले उक्त सहमतिअनुरुप नेपालमा रहेका तिब्बतीहरुलाई परिचयपत्र दिँदै उनीहरुलाई स्वतन्त्र तिब्बतसम्बन्धी नेपालमा खुला गतिविधि गर्न छुट दिनु पर्नेछ ।

उत्तर कोरियालीहरुलाई लखेटनुले नै नेपाल आफ्नो असंलग्नता त्याग्दै अमेरिकी रणनीतिमा उभिएको स्पष्टै छ । त्यसकारण अब नेपाल स्वतन्त्र तिब्बत अभियानको केन्द्रविन्दु बन्न लागेकै देखेर होला २५ वर्षपछि चिनिया राष्ट्रपतिको नेपाल आगमन भयो । उनले एक मुखले सकेसम्म छिटो स्थल मार्गबाट काठमाडौंलाई केरुङसँग जोडने विआरआइ योजनाको प्रतिबद्धता जाहेर गरे भने नेपालबाट फर्की आफ्नो भूमिमा पाइला राख्नासाथ अर्को मुखले हङकङ, तिब्बत, मकाउ र ताइवानलाई मुख्य चीनबाट विखण्डन गर्न खोज्नेको हड्डी चकनाचुर गरिदिने धम्की दिएका छन् । यसको सोझो अर्थ भनेको नेपाल अब अमेरिका र चीनको द्वन्द्वको मुख्य क्षेत्र बन्न लागेको छ । यसो भएमा नेपालको हविगत अफगानीस्तानको जस्तो हुँदै नेपालले सिक्किमको नियति भोग्ने मात्रै नभै तृतीय विश्वयुद्ध नेपालबाट शुरु नहोला भन्न नसकिने अवस्था आएको छ ।

उत्तर कोरियामाथिको आर्थिक नाकाबन्दी, इरानमा आक्रमण, हङकङ उचालेको विद्रोहको ज्वालामा अमेरिकाको सोझो संलग्नता देखिएको परिप्रेक्ष्यमा चीन अवश्य पनि चुप लागेर बसी सोभियत संघको पारामा भएको आफनो विखण्डनलाई टुलुटुलु हेरेर नबस्ला । चीनले प्रतिरोध गर्दा सुरु हुने भनेको अब तेस्रो विश्वयुद्ध नै हो । अमेरिका तेस्रो विश्वयुद्ध निम्त्याउँदै छ, नेपाल यसमा फँस्दै छ, सावधान !!!

# श्रीमद्भगवद्गीताको सर्वव्यापकता (८)



**जगदीश लामिछाने**
रौतहट, पौराई


**बाह्रौं अध्याय**

यसरी कसैले लगातार ईश्वरमा मन दिएर कोही हजुरको सुगुण स्वरुपको उपासना गर्ने गर्छन्, कोही निर्गुण स्वरुपको पनि उपासना गर्ने हुनाले ती दुईमा कसलाई योग्य भन्नुपर्ला ? भनी अर्जुनले सोध्नुभएपछि भगवान् भन्नुहुन्छ- यी दुवै थरीमा ईश्वरमै मन दिएर जसले सदैव श्रद्धासाथ उपासना गरिरहन्छ, त्यही उपासक नै उत्तम हो । त्यस्ता उपासकले ईश्वरलाई सबैतिर व्याप्त भइरहेको सम्झन्छन् र जहाँ पनि गुप्त रुपले पुग्न सक्ने पनि सम्झन्छन् । तिनीहरुले आफ्ना सबै इन्द्रियहरुलाई बसमा राखेर सबै प्राणीको हित गरिररहेका हुन्छन् । सबैतिर समभाव समेत राख्छन् । यस्ताले ईश्वरलाई प्राप्त गर्ने नै भए ।

फेरि ईश्वरको अव्यक्त भाव मात्र हो भनेर बसियो भने यो नश्वर देहधारीलाई कष्टसाध्य मात्र होला । यस कारण आफ्ना प्रत्येक कार्यहरुलाई ईश्वरमै समर्पण गर्ने गरौं र ईश्वरबाहेक अरु छैन भन्ने गरौं । यस्ता उपासकलाई यही मृत्यु लोकबाट ईश्वरले उद्धार गर्नु हुनेछ भन्ने समेत निश्चय नै हो । ईश्वरमा मन दिएर आफ्नो बुद्धिको बेगलाई उतैतिर फर्काएर उपासना गरेपछि आफ्नो उद्धार हुँदैन कि भन्ने चिन्ता लिनैपर्दैन ।

यस्तो निश्चिन्तता सदैव राख्न सकिँदैन भने पनि अभ्यास गर्दै गएपछि सफल भइन्छ । यही अभ्यासलाई योग भनिन्छ । यस्तो अभ्यासै गर्न पनि सकिएन भन्ने लाग्छ भने आफ्ना कर्महरुलाई ईश्वरमा अर्पण गर्ने गरौं । यो भगवद् अर्पणले पनि सिद्धि प्राप्त हुन्छ । यसै कुरामा पनि प्रत्येक कर्महरुको फलहरुलाई ईश्वरमा अर्पण गर्ने गरौं यो अझै उत्तम बानी हो । (११)

अभ्यासभन्दा ज्ञान नै ठूलो हो । ज्ञानलाई ध्यानमा बदलेर विचार गरी रहनाले राम्रो हुन्छ । यही ध्यानभन्दा पनि प्रत्येक कर्मको फल ईश्वरमा अर्पण गर्नु महत्वपूर्ण मानिन्छ । यसो गर्दा आफ्नो मनभित्र ठूलो शान्ति प्राप्त हुन्छ । कसैसँग पनि रिस नगर्नु सक्दो मित्रता कायम राख्नु र सबैको भलो होस् भन्ने करुणाको भाव मनले चिताउनैपर्छ । मैले




गरेको हुँ, गर्छु आदि शेखीका भाव लिनु हुँदैन । सुख र दुःखमा पनि बराबर सम्झना राखेर अरुप्रति क्षमाशील हुन प्रयत्न गरिरहनुपर्छ । केही प्राप्त भएमा वा नभएमा यी दुवै कुरामा सन्तोषी हुन सिक्नुपर्छ । ईश्वरमा भरोसा चाहिँ कहिल्यै छोड्नु हुँदैन । यस्तो दृढ निश्चय भएपछि मन र बुद्धि ईश्वरमा अर्पण हुँदै जान्छ र भगवानले पनि यस्तालाई प्यारो मान्नुहुन्छ ।

जो जुनबाट यो लोक व्यथित हुँदैन जो आफू पनि लोकलाई व्यथित गर्दैन, हर्ष र डाहाको बेगमा आफू तटस्थ रहँदै गएपछि भगवानको प्यारो त्यही नै हुन्छ । यसबाट अरुले कुनै अर्को विचार वा दोधारमा रुमल्लिनु पर्दैन । जो अरुबाट पनि आफैं त्यस्तै अर्को विचारमा दोधारमा रुमल्लिँदैन त्यस्तो बेगबाट मुक्त हुने व्यक्ति नै ईश्वरको प्यारो हुन्छ । (१५)

आफू सत्यतापूर्वक शुद्ध भोजन गरी शरीर तथा बुद्धि सफाइको व्यवहारबाट त्यतै रमिरहेको हुनाले त्यस्तो व्यक्तिलाई सिपालु नै भन्नुपर्छ । त्यो पश्चात्तापरहित पनि हुँदै जान्छ । त्यस्तो व्यवहारको सदैव कोसिसमा रहने हुनाले आनन्दित पनि हुँदै जान्छ । जुन कामको लागि ऊ आएको हो, त्यसैमा क्रियाशील रहँदै गर्दा त्यो ईश्वरको प्यारो पनि हुन्छ । त्यस्तो मान्छे झट्टै खुसी पनि हुने गर्दैन । झट्टै रिसाउने बानी पनि लिँदैन । उसलाई अरु चिन्ता र मनोकांक्षाका फन्दामा पर्नु पनि छैन र पर्ने पनि गर्दैन । शुभ र अशुभ सम्पूर्ण कर्महरु तथा फलहरुलाई ईश्वरमै अर्पण गरेपछि कुन काम बाँकी रह्यो र ? यसैले त ऊ ईश्वरको प्यारो नै हुने भयो ।

शत्रुमा, मित्रुमा, आफूलाई कसैले मान गरेको छ कि र अपमानै गरेको भए पनि उसले महत्व दिँदैन । छोटो शब्दमा चिसो, तातो, सुख र दुःखमा समेत उसको समान भाव हुने हुनाले साथीसँगी समेतमा सँग बिवर्जित त्यसैलाई भन्नुपर्छ । त्यस्तो मान्छेले कसैले उसको निन्दा नै अथवा प्रशंसा गरेमा र उसित कोही ठुस्सिएरै बसेमा पनि समता राख्ने गर्छ । जे जस्तो प्राप्त भएको छ, त्यसैमा सन्तोषी भइरहन्छ, उसको आफ्नै भन्ने मन र शरीर अड्याउने भवन पनि ईश्वरैको हो भन्ने स्थिर मति हुनाले त्यो ईश्वरको प्यारो नै हुन्छ । यी धार्मिक अमृत वाणीहरु अनुसार कसैले यथार्थ रुपमै ईश्वरको उपासना गरे भने श्रद्धासहित ईश्वरमै लिन हुँदै गएको मानिन्छ । यस्ता भक्तहरु ईश्वरका अतीव प्यारा हुन्छन् । (२०) ।

*समाप्त*

# मैले देखेको १२५ औं विश्व सम्पदा

# ड्रेसडेनको लेडी चर्च

सुरेन्द्र ढकाल

ग्रेट गार्डेन र दरबार अवलोकन गरेपछि हामी हाम्रो सेमिनार भएको होटलमा फर्क्यौं । ड्रेसडेन आइपुगेको तेस्रो दिनको बिहानै पुनः हाम्रो सेमिनारले निरन्तरता पायो । त्यस दिनको सेमिनार सकी दिउँसोको खाना खाएपछि करिब २ः३० तिर हामीलाई ड्रेसडेन सहरको मुटुमा रहेको लेडी चर्च भग्नावशेषस्थल अवलोकन गर्न लाग्यौं । पहिले यो चर्च क्याथोलिक सम्प्रदायको चर्च रहेछ तर धार्मिक पुनर्जागरणपछि यो प्रोटेस्टेन्ट चर्चमा परिणत भएको रहेछ ।

१८ औं शताब्दिमा यहीं रहेको पुरानो चर्चलाई विस्थापन गरी बारोक शैलीमा लुथेरान साजसज्जासहित धार्मिक पुनर्जागरण झल्को दिने गरी बनाइएकामध्ये सबैभन्दा ठूलो चर्चको रूपमा यसलाई लिइँदो रहेछ । ड्रेसडेनका नागरिकहरूको सदाको लागि प्रोटेस्टेन्ट सम्प्रदायमा नै रहने प्रतिबद्धतालाई साकार रूप दिनको लागि यस विशालको चर्च निर्माण भएको रहेछ । तर कालान्तरमा यस चर्चलाई क्याथोलिक र प्रोटेस्टेन्ट दुबै शत्रु समूहको सहिष्णुताको अनुपम उदाहरण मान्न थालिएको रहेछ ।

दोस्रो विश्वयुद्धताका सन् १९४५ को फेब्रुअरि १३ तारिखका दिन अमेरिका र बेलायतको संयुक्त फौजले ड्रेसडेन शहरमा बम आक्रमण गर्दा ३०० नागरिकहरू यस चर्चमा शरण लिन पुगेका रहेछन । चर्चले दुई दिन र एक रातको बम आक्रमण राम्रै थेगेको रहेछ । तर बम आक्रमणबाट उत्सर्जन भएको १००० डिग्री सेल्सियसको तापक्रमको कारण चर्चलाई थेगेका विशाल स्तम्भहरू पड्किन पुग्दा यो चर्च क्षतविक्षत भएको रहेछ । हामी त्यहाँ पुग्दा चर्च भग्नावशेषको रूपमा ठडिएको पायौं ।

दोस्रो विश्वयुद्धमा प्रायः ध्वस्त भएको यस चर्चको पुनर्निर्माण कुनै न कुनै दिन अवश्य होला भनेर यस चर्चलाई माया गर्ने ड्रेसडेनका नागरिकहरूले हरेक चुन ढुंगामा नम्बर लेखेर चोरी हुनबाट जोगाएका रहेछन् । यिनै नागरिकहरूले त्यहाँबाट कुनै पुरातात्विक वस्तु चोरी होला भनेर भग्नावशेषलाई जस्ताको तस्तै राखी स्थानीय सरकारलाई त्यो भग्नावशेष हटाइ सरसफाइ समेत गर्न निषेध गरेका रहेछन् । चर्चको प्रार्थनाकक्षको भग्नावशेषमा रहेको मार्टिन लुथरको शालिक भने आंशिक रूपमा क्षति पुगेको रहेछ भने अरू शालिक तोडफोड भएको अवस्थामा भग्नावशेष भित्रै देख्न पाइँदो रहेछ । ।

दोस्रो विश्वयुद्ध समाप्त भएको धेरै वर्षपछि सन् १९६६ मा भग्नावशेष रहेको क्षेत्रलाई युद्धस्मारक नामाकरण गरिएको रहेछ र यहाँ क्षतविक्षत हुनबाट जोगिएको वस्तुहरू युद्ध संग्रहालयको रूपमा संग्रहित गरिएको रहेछ । यसै स्थलमा हरेक वर्ष सरकारले ड्रेसडेन शहर ध्वस्त भएको वार्षिक समारोह मनाउने गर्दो रहेछ । यही स्मारक क्षेत्रमा सन १९८२ देखि पूर्व जर्मनीको शासन विरूद्धमा शान्ति र्‍यालीको आयोजना गर्ने परम्परा शुरू गरिएको रहेछ । यो परम्परा सन् १९८९ मा वर्लिनको पर्खाल ढली दुवै जर्मनी एकिकरण नभएसम्म जारी रहेको कुरा हामीलाई बताइयो ।

पूर्व र पश्चिम जर्मनीको एकिकरण भएपश्चात यस चर्चलाई पुनर्निर्माण गर्ने सोच जर्मन सरकारले बनाएबमोजिम अब छिटै कार्य शुरू हुने जानकारी हामीलाई गराइयो । त्यहाँ संग्रहित दोस्रो विश्वयुद्धताका भएको तस्बिरहरू हेर्दा बम आक्रमणपछिका अवस्था कति विध्वंशकारी रहेछ भनेर सोझै अनुमान गर्न सकिँदो रहेछ । यस चर्चको इतिहासबारे पनि हामीलाई छोटो जानकारी गराइयो र तत्सम्बन्धी सानो पुस्तिका पनि उपलब्ध गराइएको थियो । सोअनुरूप यस चर्च क्राइस्टकी माता मेरीप्रति समर्पित ११औं शताब्दिमा नै बनेको रहेछ । जसको मौलिक रूप सन १७४९ मा कलाकार वेरनार्दो वेलेत्तोको पेन्टिङ चित्रमा देख्न पाइँदो रहेछ । त्यतिखेर यो एक विशप स्तरको चर्च रहेछ र शहरी पर्खालको बाहिरको अंगुर बगैंचाले घेरिएको रहेछ । यस चर्चको डिजाइन ड्रेसडेनकै वास्तुविल गियोर्ग बेयरले गरेका रहेछन् । चर्चलाई संगित यन्त्र (अर्गान) गोटफ्रिड जिल्वरमानले प्रदान गरेका रहेछन् ।

यस चर्चको गजुर (डोम) ९६ मिटर अग्लो घण्टाघर सहितको रहेछ । यसको तुलना रोमको भेटिकनमा रहेको सेन्ट पिटर चर्चको गजुरसँग गरिँदो रहेछ । १२ हजार टन चुन ढुंगाले बनेको यस चर्च यति बलियो रहेछ कि त्यस चर्चमाथि सन १७६० मा भएको सातवर्षे युद्धताका प्रसियाका सैनिकले १०० वटा तोप खसाल्दा पनि कुनै पनि तोपले कुनै क्षति पुर्‍याउन नसकी ठोकियर खसेका रहेछन । सन् १८४९ को मे महिनाको क्रान्तिकारी विद्रोहको केन्द्र बनेको यस चर्चमा विद्रोहीहरूलाई चारैतिरबाट घेरेर पकडिने काम गरिएको रहेछ ।


भग्नावशेषबीच बम आक्रमणबाट जोगिएको मार्टिन लुथरको सालिक



भग्नावशेषको रूपमा रहेको लेडी चर्च सन् १९९२ मा


चर्चसहित बमले ध्वस्त भएको ड्रेसडेन सहर



चर्चको मौलिक रूप यस्तो रहेछ


दोस्रो विश्वयुद्ध अघिको चर्चको रूप यस्तो रहेछ

# २८. चाँडो वा ढिलो पक्राउ पर्ने नै थिएँ, परेँ

एकातिर दुई पटक कुरिएरको हात बनारसमा का.पुष्पलाललाई चिठी पठाउँदा पनि तिनको कुनै जवाफ नआइरहेकाले पार्टी फुट्ने नै भयो भन्ने आशंकाले मनमा खुलदुली भइरहेको थियो भने अर्कोतिर हामीलाई आफ्नो घरमा आश्रय दिने हाम्रा शुभचिन्तकहरुलाई कडाभन्दा कडा सजाय दिइनेछ भनी जारी गरिएको शाही विज्ञप्तिले गर्दा हामीलाई डेन पाउन असम्भव जस्तै भइरहेको हुनाले, हामीहरुलाई पक्राउ पर्नबाट जोगिन अत्यन्तै मुश्किल भइरहेको थियो । फेरि एकातिर पार्टीकै एउटा अंग रायमाझी गुट राजाको पक्षमा लागेको थियो भने अर्कोतिर नेपाली कांग्रेसले भारतको विस्तारवादी नेहरु सरकारको सहायताले सशस्त्र 'हिट एन्ड रन' संघर्ष चलाइरहेको थियो । यस्तो अत्यन्तै अप्ठ्यारो स्थितिको सामना गर्नु परिरहेकाले अनायास मेरो मनमा उक्त स्थितिबाट उम्कन सुझाव र सहयोगको लागि चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीलाई एउटा पत्र लेखिपठाउने विचार आयो । यसको निम्ति निरञ्जन गोविन्द वैद्य पार्टीको एक संस्थापक सदस्य पनि भएको र साथै त्यस समय पार्टी कार्यबाट एकदमै निष्क्रिय भएर भोटाहिटीमा चिनियाँ पुस्तकहरु र पत्रपत्रिकाहरु बेच्ने पसल खोलिबसेको व्यक्ति भएकाले उसैलाई पत्र दिई चीन पठाउन मैले उपयुक्त ठानेँ । सोही कुराको जानकारी दिई स्वीकृतिको लागि मैले चिनियाँ राजदुतलाई एउटा पत्र लेखिपठाएँ । केही दिनपछि नै चिनियाँ पार्टीको केन्द्रीय नेतृत्वबाट स्वीकृति भइआएको सूचना आयो । अनि का.वैद्यलाई चीन पठाइयो । तर उनी नफर्कंदै म पक्राउ परेँ ।

पक्राउ पर्नुभन्दा एक दिनअघि मात्रै बिहान सबेरै उज्यालो नहुँदै अर्थात् बिहान ४ बजे मात्रै म बाहिरको डेनबाट घर आएको थिएँ । सोही दिन दिउँसो २ बजेतिर पाटनको रामबहादुर धामी र गुल्मीको केशरमणि मेरो घरमा आएका थिए । एक घण्टा जति बसेर उनीहरु गए । सदाझैँ भोलिपल्ट साँझ राम्ररी अँध्यारो भएपछि म घर बाहिर अर्कै डेनमा




■ शम्भुराम श्रेष्ठ

सर्नेवाला थिएँ र घरबाट निस्कनै लागेको थिएँ । अकस्मात मोती बाँडा (जसलाई राजा महेन्द्रको प्रमुख सचिव लोकदर्शन बज्राचार्यले सीआईडी इन्स्पेक्टर बनाइसक्यो भनी का.पुष्पलालले मलाई भनेको थिए । त्यसबेला मैले उनको कुरा पत्याइन । त्यो मेरो भूल थियो) ८-१० जना प्रहरीहरुलाई पछि लगाएर म भएको कोठाभित्र पसिहाल्यो र 'म तपाईंलाई लिन आएको, जाऔं' भन्न थाल्यो । मलाई एक रात हनुमान ढोकास्थित डीएसपी अफिसमा राखी भोलिपल्ट बिहान १ बजे नख्खु जेल पुऱ्यायो । म पक्राउ परेको तेस्रो दिनमै रामबहादुर धामी र केशरमणि पनि पक्राउ परे । त्यस समय डा.केशरजंग रायमाझीले मलाई पक्रायो' भन्ने व्यापक हल्ला चलेको थियो ।

निरञ्जनगोविन्द वैद्य चीन पुगेपछि उनले पेकिङमा चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय नेतृत्वलाई मैले लेखी पठाएको चिठी बुझाएँ । चिनियाँ नेतृत्वले बहुतै गम्भीरतापूर्वक चिठी पढे तर खासै ठोस टिप्पणी नगरी देशको वास्तविक वस्तुस्थिति सुहाउँदो नीति निर्माण गरी अघि बढ्नुपर्ने सुझाव मात्र दिएछन् । पेकिङमा छँदा अमेरिकी साम्राज्यवाद र दक्षिण भियतनामी प्रतिक्रियावादीहरु विरुद्ध क्रान्तिकारी युद्ध लडिरहेका भियतनामी कम्युनिस्ट पार्टीका नेताहरुसँग पनि वैद्यको भेटघाट भएको रहेछ र त्यही भेटघाटकै दौरानमा उहाँहरुले भियतनामी जनताको तर्फबाट भ्रातृत्वपूर्ण सहयोगको रुपमा ५-७ हजार युएस डलर दिएछन् । माथि उल्लेख गरिएका सबै कुराहरु चीनबाट फर्केको लगत्तैपछि पक्राउ परी नख्खु जेल चलान गरिएपछि मसँग भेट हुँदा रिपोर्ट गरेझैँ गरी निरञ्जनगोविन्द वैद्यले मलाई भनेका थिए । उनले भियतनामी कमरेडहरुले सहयोगको रुपमा किटानसाथ यत्ति नै युएस डलर दिएका थिए भनी नभनेकाले मैले दोहोऱ्याई तेहऱ्याई सोधेँ तरु पनि सहयोगस्वरुप दिइएको युएस डलरको रकम प्रस्टसँग यत्ति नै थियो भनी भनेनन् र टार्दै गए । यसबाट उसको बदनियत राम्ररी झल्किन्थ्यो । उनलाई जेलमा धेरै राखिएन, चाँडै नै छाडिदिइयो । तर त्यति छोटो समय र जेल जीवनमै ऊ कत्ति लोभी, स्वार्थी र तल्लो स्तरको स्वभावको मान्छे रहेछ भन्ने थाहा हुन आयो । त्यसको उदाहरणको रुपमा एउटै प्रकृतिको तर पटक पटक घटेको एउटा घटनालाई प्रस्तुत गर्न चाहन्छु । त्यस समय नख्खु जेलमा सबै राजबन्दीहरुको एउटै सामूहिक भान्छा थियो । चार पाँच जनाको छुट्टाछुट्टै भान्छा हुने गर्थ्यो । त्यसअनुसार, त्यस समय पाटनको सिद्धिलाल सिंह, हिरण्यलाल श्रेष्ठ, निरञ्जनगोविन्द वैद्य र म समेतको एउटा भान्छा थियो । हामीले डाँका मुद्दामा फँसाइएको भारतको कांग्रेस पार्टीको एउटा कार्यकर्तालाई भान्छेको रुपमा राखेका थियौं । जेलमा राजनीतिक बन्दीहरुको निम्ति जहिले पनि आर्थिक अभाव समस्याको रुपमा रहिरहेको हुन्थ्यो । त्यसकारण हाम्रो भान्छामा एक महिनामा एक दुई पटक मात्र सस्तो भएकाले राँगाको मासु पकाइन्थ्यो । ती दिनहरुमा अरु तरकारी पकाइँदैनथ्यो । भात खान बसेपछि भान्छेले क्रमशः भात पस्किएकै थाल पन्युले ताप्केबाट मासु झिक्दै राखिदिन्थ्यो । अरु सबैले खान थाल्थे । तर वैद्यले चाहिँ आफ्नो भागमा भनेर गन्न थाल्थ्यो र सिद्धिलाल र हिरण्यलाललाई बढ्ता पऱ्यो र आफूलाई कम पऱ्यो भनी मुख बिगारेर मान्छेलाई रिसाएझैँ गरी आँखा तरेर हेर्दै हिरण्य अथवा सिद्धिलाललाई बढ्ता राखिदियो र मलाई उनीहरुलाई भन्दा थोरै राखिदियो भनी गुनासो गर्न थाल्थ्यो । जहिले मासु पकाए पनि वैद्यले यस्तो गुनासो गर्थे । जेलमा वा धेरै कथिन अवस्थामा मात्रै प्रायशः मान्छेको वास्तविक स्वभाव राम्रो नराम्रो जे छ त्यो बाहिर प्रकट हुन्छ भन्थे । त्यो साँचो रहेछ । राणा शासन कालमा हामीहरु केन्द्रीय जेलको गोलघरमा छँदा पनि डकैत अथवा ज्यान मुद्दामा जेल सजाय भोगिरहेका कैदीहरुले एक दुइटा खोर्सानीलाई लिएर झगडा हुँदा एकले अर्कोलाई काट्ने मार्ने गरेको घटनाबारे सुन्ने गर्थ्यो । वैद्य वास्तवमा एकदमै नीच स्वभावको मान्छे रहेछ । कम्युनिस्ट राजनीतिक बन्दीहरुसँग त के, कांग्रेसी राजनीतिक बन्दीहरुसँग पनि कैयन पटक जेलमा साझा भान्छा गरेर बसियो तर कहिले पनि र कुनै पनि राजनीतिक बन्दीमा निरञ्जनगोविन्द वैद्यको जस्तो नीच स्वभाव भएको अनुभव गरिएन ।

निरञ्जनगोविन्द वैद्यले लामो समयसम्म जेलमा थुनिइरहन परेन, पक्राउ परेको ३-४ महिनापछि नै उनी जेलबाट छुटिहाले । जेलबाट छुटेपछि उनी भारतमा गई का.पुष्पलाल र का.तुलसीलाललाई भेटेर भियतनामी पार्टीले नेपालको पार्टीलाई भ्रातृत्वपूर्ण सहयोगको रुपमा ५-७ हजार युएस डलर दिई पठाएको छ भन्ने कुरा पनि बताए । तर त्यस समय पुष्पलाल र तुलसीलाल आआफ्नै छुट्टाछुट्टै पार्टी भइसकेको हुँदा पुष्पलालको पार्टीलाई दियो भने तुलसीलालको पार्टीले विरोध गर्ने र उसै गरी तुलसीलालको पार्टीलाई दियो भने पुष्पलालको पार्टीले विरोध गर्ने' भन्ने जस्तो धूर्ततापूर्ण तर्क गर्दै वैद्यले तिनीहरुमध्ये कुनैलाई पनि पैसा नदिई आफैंले हजम गरे । त्यही पैसाले उनले काठमाडौंमा जग्गा किने, घर किने र नयाँ घर बनाए । यसरी पार्टीको पैसाले घरजग्गा किनी घर बनाएर मर्ने बेलासम्ममा वैद्य करोडपति बने । त्यस्तो अपराधी व्यक्ति पनि कहीँ पार्टीको संस्थापक सदस्य भन्न लायकको हुन्छ र ?

## कविता चम्चा



● प्रेम ओली (ढकलपुरे)

घरी पिलेट तिर कुद्छ
घरी कचौरा तिर कुद्छ
कहिले यताको कुनोमा खोज्छ
कहिले उताको दुनोमा खोज्छ
के मिठो लाग्छ तपाईंलाई पहिले
यसले रोज्छ
फर्याक्क गर्छ फुरुक्क गर्छ
तपाईं हाम्रो पेट मज्जाले भर्छ
घरी दाल चलाऊछ
घरी साग कोट्याउछ
मिठो मिठो के छ सब छुट्टाउछ
यो चम्चा त्यसै सङ्सारमा आको रहेनछ
चम्चागिरी त्यसै लोकप्रिय भाको रहेनछ
हेर्दा हेर्दै यसले
तपाईंलाई भुँडी टन्न पारेर खुसी बनाउँछ
त्यसैले जस्तै कडा मान्छेलाई यसले मनाउँछ
यो कहाँ कहाँ पुग्दैन ?
भट्टी पसल देखी पाच तारे होटलसम्म पाउछ
पियन देखी मन्त्रीको कोठासम्म छाउछ
खाने भन्दा यो अरुलाई खुवाउनेमा रमाउछ
होटेल जानुस त केही खान
अचेल तिन चार किसिमको
चमच टेबलमा आउछ
हातले झ्याप्प देउँ भने पनि
डिनर,काटा ,सलाद चम्चाले खुवाउछ
त्यही भएर त यसले
सरकार ,पाटी जहाँ पनि डेरा जमाउछ
पन्यौ रिस गरे पनि डाडुले डाह गरे पनि
यसको अगाडि टिक्दैनन
त्यही भएर त बजारमा यो जस्तो ति बिक्दैनन
यो त सरकारी अड्डामा होस कि
मुद्दा मामिलाका ढड्डामा होस
टेबल टेबलमा पुग्छ
खै के चटाइदिन्छ गेटमा यसलाई
न पालेले रोक्छ, न पालेको कुकुर भुक्छ
मन्त्रालय देखी मन्त्री निवाससम्म
यो निर्धक्कले पुग्छ ।
गजक्क परेर बस्ने थालहरु
जहाँको त्यही रहन्छन
मेहनत गर्ने कसौडी डेक्चीहरु पनि
सधै भन्सामा रहन्छन
यो चम्चा कहाँबाट कहाँ पुग्छ
त्यसैले अरुको भन्दा
चम्चाकैको महिमा खुब छ

## स्वास्थ्य हृदयघातबाट बच्न खुर्सानी खाऔं



हप्ताको कम्तिमा चार पटक खुर्सानी खाने मानिसहरुमा हृदयघातबाट मर्ने खतरा ४० प्रतिशत कम भएको देखिएको छ । इटालीमा गरिएको एक नयाँ अनुसन्धानले खुर्सानी खाने मानिसहरुमा हृदयघातबाट मर्ने खतरा कम हुने देखाएको छ ।

मानिसहरुले प्राचीनकालदेखि नै खुर्सानीको औषधीय गुणहरुबारे थाहा पाइसकेका छ र वर्षौंदेखि खुर्सानी उपचारमा प्रयोग हुँदै आएको पनि छ । र अहिले आएर अनुसन्धानकर्ताहरुले नियमित रुपमा खुर्सानी खाँदा मुटुका रोग र हृदयघातबाट मर्ने खतरा कम हुने कुरा पत्ता लगाएका छन् । खुर्सानी लोकप्रिय परिकारको रुपमा उपयोग गरिँदै आएको इटालीमा गरिएको एक अध्ययनमा २३ हजारजना मानिसहरुमा मर्ने खतराका बारेमा अध्ययन गरिएको थियो । अध्ययन गरिएका ती मानिसहरुमा खुर्सानी खाने नखानेहरु दुवै समावेश थिए ।

उक्त अध्ययनमा सहभागी भएकाहरुको स्वास्थ्य अवस्था र उनीहरुको खानेकुरा खाने आदतका बारेमा आठ वर्षसम्म नियमित अनुगमन गरिएको थियो । त्यस दौरानमा अनुसन्धानकर्ताहरुले के थाहा पाए भने हप्ताको कम्तिमा चार पटक खुर्सानी खाने मानिसहरुमा हृदयघातबाट मर्ने खतरा ४० प्रतिशत कम भएको देखियो । जर्नल अफ अमेरिकन कलेज अफ कार्डियोलोजीमा प्रकाशित सो अध्ययनको रिपोर्टअनुसार हृदयघातबाट मर्नेहरुको संख्या आधाभन्दा बढी थियो ।

'रमाइलो कुरा के छ भने मृत्युबाट रक्षा गर्ने कुरा ती मानिसहरुले खाने गरेका खानेकुराहरुबाट स्वतन्त्र थिए,' अध्ययनका मुख लेखक तथा मेडिटेरानियन न्यूरोलोजिकल इन्स्टिच्यूट (न्यूरोमेड)का एमिडेमियोलोजिस्ट मारियालाउरा वोनास्सियो भन्छ ।

'अर्को शब्दमा भन्दा, जो कोहीले पनि स्वस्थकर मेडिटेरानियन खाना खान सक्छन्, कसैले कम स्वस्थकर खाना पनि खान सक्छन् तर ती सबैमा खुर्सानीको रक्षात्मक असर देखियो,' उनी थप भन्छिन् । उक्त अध्ययनमा मोली-सानी अध्ययनका तथांकहरु प्रयोग गरिएको थियो,जसमा दक्षिण इटालीका मोलीसे क्षेत्रका २५ हजार जना सहभागीहरु थिए । न्यूरोमेडका डिपार्टमेन्ट अफ इपिडेमियोलोजी एण्ड प्रिभेन्सनका डाइरेक्टर तथा भारेसका इन्सुब्रिया युनिभर्सिटीका प्रोफेसर लिसिया लाकोभियेल्लोका अनुसार खुर्सानीको यो लाभदायक तत्वहरु इटालीको खाद्य परम्पराबाट हस्तान्तरण हुँदै आएको छ ।

'पहिले नै चीन र अमेरिकामा थाहा लागिसकेको कुरा, हामीले थाहा पाएका छौं कि क्याप्सिकम प्रजातिका धेरै विरुवाहरु, भिन्न तरिकाले संसारभरि नै खाइने गरेको भए पनि, हामी हाम्रा स्वास्थ्य रक्षा गर्ने तत्व पाउन सक्छौं,' उनी थप भन्छिन् ।

उक्त अध्ययनमा संलग्न टोलीले अब हाम्रो स्वास्थ्यलाई फाइदा पुर्याउने खुर्सानीको बायोकेमिकल मेकानिजमका बारेमा अध्ययन गर्ने भएको छ ।

बेलायतको अस्टन मेडिकल कलेजका वरिष्ठ प्रशिक्षक तथा डाइटिसियन डुआने मेल्लोरका अनुसार ' उक्त अध्ययन रिपोर्ट रोचक छ तर त्यसले खुर्सानीको खुवाइ र त्यसले स्वास्थ्यलाई दिने फाइदाबीचको सम्बन्धलाई चाहिँ औपाचरिक रुपमा देखाउन सकेको छैन ।' उक्त अध्ययनमा देखिएको खुर्सानी खानुको फाइदाबारे कुरा गर्दा समग्रमा खानामा खुर्सानीको कसरी प्रयोग गरिएको थियो भन्नेबारेमा पनि उल्लेख गरिनुपर्थ्यो ।


'यो प्रशंसनीय छ कि तथ्यांकले देखाएअनुसार खुर्सानी खाने मानिसहरुले अन्य जडीबुटी र मसालाहरु पनि प्रयोग गरेका छन् र साथै उनीहरुले सागसब्जी सहित ताजा खानेकुराहरु खाएका छन्,' मेल्लोर थप भन्छन् ।

'यद्यपि खानेकुराहरुमा खुर्सानीले स्वाद त थपिदिन्छ, तर यसको प्रत्यक्ष प्रभाव कम नै हुनेगर्छ र यसले स्वस्थकर खानेकुरालाई झनै स्वादिष्ट बनाइदिन्छ ।'

# थाइल्याण्ड: जहाँ तीन महिना भिक्षु बन्नुपर्ने राष्ट्रिय परम्परा छ-२

नियात्रा संस्मरण

**घनश्याम राजकर्णिकार**





**परिचारिकाको मुस्कानयुक्त हावभाव**

पर्यटनको रूपमा म पहिलो पटक 'यती' विमानद्वारा थोरै दिनका लागि थाइल्यान्डतर्फ उडिरहेको थिएँ । स्वदेशी हवाईसेवाको विमानमा अधिकांश विदेशी पर्यटकहरू भए तापनि नेपाली वातावरणको अनुभव गर्दै थिएँ । त्यसमा पनि एक जना शमशेर राणा मित्र साथै पाउनाले सुनमा सुगन्ध भएको थियो । ती परिचित मित्र आफूभन्दा उमेरमा जेठो भए तापनि उनको बाहिरी व्यक्तित्व हृष्टपुष्ट र आकर्षक नै थियो । हामी दुईलाई देख्ने जोकोहीले पनि उनलाई नै तरुनो ठान्नुमा अस्वाभाविक हुँदैनथ्यो ।

विमानकी एक हस्तिनीजस्ती परिचारिका उनीप्रति बढी आकर्षित भएकी जस्तो मलाई अनुभव भयो । उनलाई तिनले दुईदुई चोटि स्कच ह्विस्की थपिदिएकी र धेरैपल्ट मुस्कानयुक्त हावभाव प्रस्तुत गरेकीमा मलाई सहिनसक्नु भयो तर राणा मित्रज्यू निकै ठटचौलो मिजासका हुँदा विमानमा तीन घण्टाको लामो समय बितेको पत्तै भएन र मधुरो स्वरमा अङ्ग्रेजी भाषामा प्रसारण सुनियो- 'नमस्कार, महिला तथा सज्जनवृन्द! अब हामी केहीछिनमै बैङ्कको अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिनेछौं । आफ्नो सिटको पेटीले आफूलाई बाँध्नुहोस् तथा धूम्रपान नगर्नुहोस् ।'

लगत्तै विमान ओर्लन्छ । त्यसपछि इमिग्रेसन, कस्टम, हेल्थ आदि काउन्टरमा आफूलाई प्रस्तुत गर्दै सजिलैसँग बाहिर निस्कने तरखर गर्दछु ।

**बैङ्कमा पदार्पण**

बैङ्कको अन्तर्राष्ट्रिय विमानस्थलको भवनले आफ्नो भव्यताको साथै आधुनिकता पनि देखाएको छ । त्यस भवनबाट बाहिर निक्लन नपाउँदै एउटा व्यवस्थित संस्थाले ट्याक्सी सेवा सञ्चालन गरिरहेको रहेछ । सुगमतासाथ ट्याक्सी पाइने हुँदा यस संस्थाको शरण लिन पुग्छु र आफूलाई सजिलो अनुभव गरेको हुन्छु । पछि थाहा हुन्छ यस्तो व्यवस्थित ट्याक्सीको भाडा प्रचलित साधारण ट्याक्सीको भन्दा तेबर महँगो हुँदो रहेछ ।

सोझै सुखुमभिट्स्थित आधुनिक मध्यमस्तरीय 'विन्डसर होटेल' मा पुग्छु र प्रतिदिन यु.एस्. डलर सत्र पर्ने भनिएको सिङ्गल कोठामा मोलतोलगरी तेह्र डलरमा बस्न सफल भएको हुन्छु ।

विदेशमा जाँदा 'पासपोर्ट' त मानौं जन्तरजस्तै महत्वपूर्ण हुन आउँछ । तर पहिलो दिनमै होटेल कोठामा विश्राम गरेपछि 'पासपोर्ट' हराएको कटु अनुभव हुन्छ । कस्तो फसाद ! मुख कालोनीलो पार्दै 'किंकर्तव्यविमूढ' हुँदै तल काउन्टरमा सोधपुछ गर्न पुग्छु र त्यसै बेला त्यहाँको एक परिचारिकाले लिफ्ट' मा पाएको भन्दै मलाई पासपोर्ट जिम्मा लगाउँछिन्- त्यस पासपोर्टमा आफ्नो तस्बिर मात्र नभइदिएको भए अझ कतिबेरसम्म रन्थनिनुपर्ने थियो ।

लगत्तै होटेलका कामदारले टुटेफुटेका अङ्ग्रेजी भाषामा 'सर, आजका लागि हिसी भएकी ... ल्याइदिऊँ ?' भनी गरेको प्रश्नलाई मैले नकारात्मक जबाफ दिए पनि पछिल्ला दिनहरूमा सधैँ एकपल्ट यही प्रश्न दोहोऱ्याउने उनीहरूको बानी नै भइसकेको रहेछ ।

काठमाडौंको एउटा पत्रिकामा प्रकाशित लेख पढेको मलाई सम्झना हुन्छ जसमा थाइल्यान्डको वेश्यावृत्ति पनि त्यस राष्ट्रको एउटा प्रमुख आयस्रोत बनेको छ र त्यसैले त्यहाँ सरकार स्वयम् यस कुरीतिलाई हटाउन चाहँदैन वा सक्दैन भन्ने प्रस्तुत तर्कमा निश्चय नै सत्यता छ भन्ने कुरा यहाँ आएपछि प्रमाणित भएको आभास हुन्छ ।

**घोप्ट्याएको घण्टाजस्तो स्तूप**

थाइल्यान्डमा पहिलो पटक पर्यटकको रूपमा गएको हुँदा आफूमा पर्यटकदृष्टि हुनु स्वाभाविकै थियो । यहाँका विभिन्न ठाउँमा भएको बौद्ध मन्दिर, मठ, विहार आदि देख्दा तथा आफू पनि बौद्धमार्गी हुँदा मनमा निकै गौरव अनुभव भइरहेको हुन्छ । तर आफ्नै देशमा यस धर्मले खास विस्तृत रूप लिन नसकेकोमा 'बत्तीको मुनि अँध्यारो' भन्ने कथन चरितार्थ भइरहेको ठानेँ ।

बैङ्क सहर पुगेका पर्यटकहरूले त्यहाँका विविध बौद्ध विहार, गुम्बा वा मन्दिरहरू दर्शन नगरेमा उनले बैङ्क नै देखेको छैन भने पनि हुन्छ । अतः सर्वप्रथम म बैङ्कको पश्चिमतिर करिब छपन्न किलोमिटर टाढा अवस्थित नकोर्न पाथुमको एक सय पन्ध्र मिटर अग्लो भव्य बौद्ध स्तूपमा पुगेँ । टाढाबाट हेर्दा हाम्रा पुजारीले बजाउने घण्टा घोप्टचाइराखेको जस्तो देखिने यो स्तूप आफैँमा पूर्णता भएको जस्तो लाग्यो ।

भनिन्छ, थाइल्यान्डमा सर्वप्रथम यही स्थानबाट नै बौद्ध धर्मको सुरुआत भएको हो । त्यसपछि बैङ्क सहरभन्दा साठी माइल उत्तरतिर रहेको अयोध्या भन्ने पुरानो सहरमा गएँ । चौधौँदेखि अठारौँ शताब्दीसम्म थाइल्यान्डको राजधानी बनिसकेको यो ठाउँमा विभिन्न भागमा भग्नावशेषका रूपमा रहेका दरबारहरू तथा बौद्ध मन्दिरहरू हाल पनि यथावत् नै छन् । यहाँको ढलौटद्वारा निर्मित आँखा चिम्ली पलेँटी मारेर बसिरहेको भगवान् बुद्धको विशाल एवं प्रसिद्ध मूर्तिले मानौं यस क्षेत्रको अतीतको भव्यतालाई मनन गरिरहेको छ ।

**सुनैसुनको विशाल बुद्धमूर्ति**

विभिन्न बौद्ध मठ, मन्दिर, विहारको परिक्रमा गर्ने सिलसिलामा एक दिन म 'वातट्रेमिट' नामक बौद्ध विहारमा पुग्दछु । यस विहारभित्र शान्त मुद्रामा आसन ग्रहण गरिरहेको सुनैसुनले निर्मित विशाल बुद्ध भगवान्को मूर्ति देख्दा छक्क पर्छु । (क्रमशः)

Office Equipment Problems?
Get your solution today!
CrossWeb
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

# सुलेमानीको हत्याले इरान-अमेरिका तनाव



विष्णु भट्टराई

जनरल सुलेमानी इरानका सर्वोच्च नेता आयतोल्लाह अली खमेनीपछिका दोस्रा ठूला शक्तिशाली नेताको रूपमा चिनिन्थे। ६२ वर्षीय सुलेमानीले इरानको अत्याधुनिक कुर्द फोर्सको नेतृत्व गरी मध्यपूर्वमा इरानको प्रभुत्व राखेका थिए। उनलाई जीवनकालभर आमइरानीले नायक मान्थे। सुलेमानीको नेतृत्वको कुर्द फौज इरानको रेभलुसनरी गार्डसको महत्वपूर्ण एकाइ हो। लेबनान र इराकमा इरान समर्थित हेजबुल्लाहलगायत समूहलाई कुर्द फौजले सहयोग गर्दै आएको छ। ती समूहले अमेरिकाविरोधी गतिविधि सञ्चालन गर्छन्।

सुलेमानीलाई इराक र सिरियामा इरानको सैन्य उपस्थिति बढाएको श्रेय दिइन्छ। उनले सिरियामा लडाकु समूहविरुद्ध कारबाहीको योजना ल्याएका थिए। तर, अमेरिकाले सुलेमानीलाई अतिवादीको नायिके भन्दै मध्यपूर्वमा सयौँ अमेरिकीको मृत्युको कारण उनी भएको बताउँदै आएको थियो। ट्रम्पले सुलेमानीले इराकलगायत मध्यपूर्वमा अमेरिकी कूटनीतिज्ञ र सेनाका प्रमुखमाथि ठूलो षड्यन्त्र रचेको र आक्रमण गरेको दाबी गरेका थिए। ट्रम्पकै निर्देशनमा जनरल सुलेमानी बग्दाद विमानस्थलमा ड्रोन हमलामा मारिएका थिए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले अमेरिकी नागरिक र अमेरिकी सम्पत्तिमाथि हमला गरे इरानका ५२ वटा क्षेत्रलाई निसाना बनाउने चेतावनी दिएका छन्। इराकको एक विमानस्थलमा अमेरिकाले इरानका एक उच्च सैन्य अधिकारीको हत्या गरेको दुई दिनपछि राष्ट्रपति ट्रम्पको सो चेतावनी आएको हो। इरानले सो हमलाको बदला लिने जनाएको छ।

'इरानले आफ्ना जनरलको मृत्युको बदलामा अमेरिकी नागरिक र सम्पत्तिलाई निसाना बनाउने बताउँदै आएको छ,' ट्रम्पले भने, 'अमेरिकाले पनि इरानका ५२ वटा क्षेत्रलाई पहिचान गरेको छ। तीमध्ये केही स्थान इरानका लागि महत्वपूर्ण छन्। तेहरानले अमेरिकामाथि हमला गर्‍यो भने अमेरिकाले कठोर प्रत्याक्रमण गर्नेछ।' अमेरिकाले कुनै पनि देशबाट धम्की नचाहेको उनले बताए। राष्ट्रपति ट्रम्पले सन् १९७९ मा ५२ अमेरिकीलाई तेहरानस्थित अमेरिकी दूतावासमा नियन्त्रणमा लिएर एक वर्षभन्दा बढी समयदेखि बन्धक बनाइएको प्रसंगसमेत उठाएका छन्।

ट्रम्पको ट्विटलगत्तै अमेरिकाको एक सरकारी निकायको वेबसाइटलाई इरानको साइबर सुरक्षा ग्रुपले ह्याक गरेको छ। अमेरिकी संघीय डिपोजिटरी लाइब्रेरी प्रोग्रामको वेबसाइट ह्याक भएको हो। वेबपेजमा अमेरिकी राष्ट्रपति ट्रम्पको बिगारिएको चित्रमा कसैले मुक्का प्रहार गरेको र मुखबाट रगत निस्किएको देखाइएको छ।

**कति छ इरानी सेनाको क्षमता ?**

आफ्ना उच्च सैन्य अधिकारीको हत्यापछि अमेरिकासँग प्रतिशोध लिने तयारी गरेको इरानसँग कुल ५ लाख २३ हजार सुरक्षाकर्मी छन्। बेलायतको इन्टरनेसनल इन्स्टिच्युट अफ स्ट्राटेजिक स्टडिजका अनुसार कुल सुरक्षाकर्मीमध्ये सेनातर्फ साढे तीन लाख र इस्लामिक रिभलुसनरी गार्ड्स कर्पस (आइआरजिएस) तर्फ डेढ लाख जवान सम्मिलित छन्। आइआरजिएससँग थप २० हजार जलसेना छन्। इरानमा इस्लामिक प्रणालीको रक्षा गर्न, विदेशमा आफ्ना सैन्य गतिविधि सक्रिय पार्न सन् १९७९ मा आइआरजिएसको गठन भएको थियो।

आइआरजिएसको एउटा एकाइको रूपमा कुर्द फौज थियो र त्यसको नेतृत्व सुलेमानीले गरेका थिए। इरानले रुस र चीनबाट हतियार निर्यात गर्छ। मध्यपूर्वका अन्य देशको तुलनामा इरानको वायुसेनाको क्षमता कमजोर भए पनि क्षेप्यास्त्रका दृष्टिले इरान शक्तिशाली छ। उसले लामो दूरीको अन्तरमहादेशीय क्षेप्यास्त्र विकास गरिरहेको छ। इरानको क्षेप्यास्त्रले साउदी अरब र खाडीक्षेत्रका धेरै स्थानमा पुग्ने क्षमता राख्छन्। इरानसँग अत्याधुनिक ड्रोन छन्। जुन महिनामा अमेरिकाले जासुस गर्न स्ट्रेट अफ हर्मुजमा पठाएको ड्रोनलाई तेहरानले खसालिदिएको थियो। त्यस्तै उसले ड्रोन आक्रमण गरी साउदीका दुई तेल कम्पनीमा आगो लगाइदिएको थियो। उसले विकसित गरेको ड्रोन आफ्ना समर्थक समूह र साझेदारलाई उपलब्ध गराउँदै आएको छ। प्रविधिमा फड्को मारेको इरानसँग साइबर क्षमता बलियो छ। आइआरजिएसअन्तर्गत एउटा छुट्टै साइबर एकाइ छ। त्यसले सैन्य र व्यापारिक जासुसी गर्छ।

इरानका सर्वोच्च नेता आयतोल्लाह खमेनीका सैन्य सल्लाहकारले आफ्ना जनरल सुलेमानीको हत्याको बदलामा अमेरिकाविरुद्ध सैन्य हमला गर्ने चेतावनी दिएका छन्। खमेनीका सल्लाहकार हुसेन देहघानले भने, 'हाम्रा जनरलको हत्याको बदलामा अमेरिकी सेना र उसको सैन्यक्षेत्रमा हमला हुनेछ।' इरानले नचाहँदा-नचाहँदै अमेरिकासँग युद्धमा जानुपरेको उनले बताए। उनले भने, 'अमेरिकाले युद्ध सुरु गरेको छ। तसर्थ आफ्नो कर्मको उचित प्रतिक्रिया उनीहरूले स्विकार्नुपर्छ।' इरानका ५२ क्षेत्रमा हमला गर्ने ट्रम्पको ट्विट हास्यास्पद भएको उनले बताए।





**को हुन् कासिम सुलेमानी ?**

इरानले स्वदेशमा तथा विशेषगरी विदेशमा राष्ट्रियताको पक्षमा गतिविधि गर्न भन्दै इरान क्विड नामक विशेष दस्ताको स्थापना गरेको थियो । पछिल्लो समयमा उक्त दस्ताको नेतृत्व सुलेमानीको हातमा थियो । इरानको सरकारले सन् १९९८ देखि उक्त दस्ताको नेतृत्व सुलेमानीलाई सुम्पेको थियो । तर पनि उनलाई अमेरिकाले भने आतङ्कवादी व्यक्तिको सूचीमा राख्दै आएको छ ।

उक्त दस्ताले इरानका लागि इरानबाहिरका देशहरुमा गोप्य गतिविधिहरू सञ्चालन गर्ने गरेको छ। यसैकारण अमेरिकाले सो सूचीमा राखेको थियो। सुलेमानीले सन् १९८० पछि भएको इरान इराक युद्धमा समेत लडेका थिए। उनलाई इरान सरकारको अति निकटका एक व्यक्तिका रुपमा पनि चिनिन्थ्यो। सुलेमानीले सिरियामा कायम रहेको बसर अल असदको सत्ताका पक्षमा पनि काम गर्दै आएका थिए। साथै त्यहाँ भएको आइएसका विरुद्धमा पनि विशेष कारबाही गर्ने गर्दथे।

उनले इरानी सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीसँग नै सम्पर्क राख्न सक्थे र उनको नेतृत्वमा रहेर काम गर्ने गर्दथे । शुक्रबार जनरल सुलेमानी आफ्नो कारमा सवार रहेका बेला अमेरिकी सेनाले सोही क्षेत्रमा गरेको हवाई आक्रमणमा परेर मारिएका हुन् । इरानले यस कारबाहीलाई एक निकै नै खतरनाक काम भनेको छ भने अमेरिकी सञ्चारमाध्यमहरूले भने उक्त कारबाहीको अमेरिकी पक्षबाट बचाउ गरेका छन् । अमेरिकी रक्षा मन्त्रालयले विज्ञप्ति प्रकाशन गरेर राष्ट्रपतिको निर्देशनमा अमेरिकी सेनाले गरेको कारबाहीका क्रममा कासिम सुलेमानी मारिएको बताएको छ । यसलाई रक्षा मन्त्रालयले विदेशमा रहेका अमेरिकी नागरिकको सुरक्षाका लागि गरिएको कारबाही पनि भनेको छ । उक्त विज्ञप्तिमा अमेरिकी रक्षा मन्त्रालयले अमेरिका आफ्ना नागरिक र आफ्ना चासोका विषयमा संसारभर रक्षात्मक रुपमा कामगर्ने र आगामी दिनमा पनि यस्ता कार्यहरु गरिरहने छ भनेको छ ।

सुलेमानी हत्याको चीन, रुस र सिरियाले आलोचना गरेका छन् । तर युरोपेली संघले भने थप हिंसा भड्किन नदिन सबै पक्षलाई संवेदनशिल भएर संयमता अपनाउन आग्रह गरेको छ। यस आक्रमणलाई रूसले 'गैरजिम्मेवारपूर्ण कदम' भनेको छ । यसले मध्यपूर्वमा तनाव बढाएको रुसले जनाएको छ । रुसले इरानी ती कमाण्डरको मृत्युलाई लिएर इरानी जनताप्रति सहानुभूति पनि व्यक्त गरेको छ । बग्दादमा अमेरिकी आक्रमणबाट भएको सुलेमानीको मृत्युले मध्यपूर्वमा अहिले पनि जारी रहेको तनावलाई थप बढाउने रुसले आशङ्का गरेको छ ।

उता युरोपेली परिषद्का प्रमुख चार्ल्स मिसेलले इराकमा अमेरिकाले इरानी जनरलको मृत्यु हुने गरी गरेको आक्रमणपछि थप द्वन्द्व चर्किने भन्दै शान्त रहन आग्रह गरेका छन् । उनले इराकमा विगत केही हप्तादेखि भएका हिंसात्मक तथा उत्तेजनात्मक गतिविधिहरुलाई रोक्न र अबका दिनमा कुनै द्वन्द्वका घटना हुन नदिन आग्रह गरेका छन् ।

त्यस्तै फ्रान्सका राष्ट्रपति एम्यानुएल म्याक्रोँले सुलेमानीको मृत्युपछि हुनसक्ने सम्भावित हिंसा र राजनीतिक तनावलाई रोक्न सबैले पहल गर्नुपर्ने बताएका छन् ।

संयुक्त राष्ट्रसंघले इराकको राजधानी बग्दादमा भएको घटनाले खाडी क्षेत्रमा अर्को युद्धको अवस्था नल्याओस भनेको छ। संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटर्रेसले अमेरिकाले इराकको सो घटनाले खाडी क्षेत्रमा थप हिंसा भड्किनसक्ने भन्दै विश्वले फेरि अर्को खाडी युद्ध सहन सक्दैन भनेका छन् । महासचिव गुटर्रेसले निरन्तर रुपमा खाडीमा भइरहेको तनावलाई कम गर्न संयुक्त राष्ट्रसंघले पनि निरन्तर पैरवी गरिरहेको बताएका छन् । कासिम सुलेमानीको मृत्यु घटनाले विश्वमा नयाँ तरंग ल्याइदिएको छ । सुलेमानीको हत्यासँगै उत्पन्न परिस्थितिका कारण मध्यपूर्वमा त्रासको वातावरण सिर्जना भएको छ । सुलेमानीको मृत्युपछि इरान र अमेरिकाबीच चलेको वाकयुद्धका कारण यस क्षेत्रमा नयाँ युद्धको खतरा निम्तिनसक्ने भन्दै चिन्ता व्यक्त गरिएको छ । विभिन्न देशमा यो क्षेत्रमा युद्ध निम्तिएमा हुनसक्ने सम्भावित क्षतिलाई मध्यनजर गरी दुवै पक्षलाई संयमता अपनाउन भनिरहेका छन् । तर दुवै देश आक्रामक रुपमा एक अर्काविरुद्ध वाकयुद्धमा उत्रिएका छन् ।

इरानका सूचना तथा दूरसञ्चारमन्त्री मोहम्मद जाभेद अजारी-जहरोमीले ट्विटरमा लेखेका छन्, 'आईएसआईएस, हिटलर र चंगेज खाँ सबै सभ्यताविरोधी थिए। ट्रम्प पनि त्यस्तै आतंकवादी हुन्, जसले सुट लगाएका छन् । उनलाई छिट्टै सबक सिकाइनेछ र स्पष्ट गराइनेछ कि महान् सभ्यता भएको इरानलाई कसैले हराउन सक्दैन ।'

इराकको संसदले आफ्नो देशमा रहेका अमेरिकी सैनिकलाई फिर्ता जान निर्देशन दिने प्रस्ताव पारित गरेको छ । इरानका सर्वोच्च सैन्य कमाण्डर मेजर जनरल कासिम सुलेमानीको बग्दादमा अमेरिकाले गरेको हवाई आक्रमणमा मृत्युपछि इराकी संसदले विदेशी सैनिक फिर्ता पठाउने प्रस्ताव पारित गरेको हो । इराकमा अहिले पाँच हजार अमेरिकी सैनिक छन् ।

संसदबाट परित भएको प्रस्तावमा इराक सरकारलाई आफ्नो भूमि, हवाई क्षेत्र र जलक्षेत्र कुनै पनि विदेशी फौजले प्रयोग गर्न नपाउने गरी रोक लगाउन निर्देशन दिएको छ भने अमेरिकी सैनिकलाई दिँदै आएको सबै प्रकारको साथ र सहयोग रोक्न पनि निर्देशन दिइएको छ। इराकी संसदको विशेष सत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री अब्दुल महदीले देशको आन्तरिक र बाह्य चुनौतीलाई आफैं सामना गर्ने भन्दै जति सक्दो चाँडो इराकी भूमिमा विदेशी सैनिकको उपस्थिति अन्त्य हुनु पर्ने बताए । इरानी सैन्य कमाण्डर सुलेमानी मारिनु एक राजनीतिक हत्या भएको उनको भनाई थियो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इराकबाट अमेरिकी सेना हटाइए इराकविरुद्ध कडा नाकाबन्दी लगाउने धम्की दिएका छन्। इराकी संसद्ले अमेरिकी सेनालाई देश छोड्न भनेपछि अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले इराकविरुद्ध कडा प्रतिबन्ध लगाइदिने धम्की दिएका हुन् । उनले भने, 'हाम्रो निकै महँगो हवाई अखडा त्यहाँ छ। त्यो बनाउन अर्बौं डलर लाग्यो । हामीलाई त्यो रकम नतिरेसम्म हामी इराक छाड्दैनौं ।'

इराकबाट अमेरिकी सेना फिर्ता हुँदैछन् भन्ने कुरालाई अमेरिकी रक्षामन्त्रीले अस्वीकार गरेका छन् । एक अमेरिकी सैन्य जनरल इराकबाट सेना फिर्ता हुनुपर्ने सुझाव दिँदै लेखेको पत्रपश्चात् पेन्टागनका प्रमुख मार्क एस्परले अहिले फौज फिर्ता गर्ने बेला नभएको स्पष्ट पारेका छन्। अमेरिकी सैन्य जनरलले लेखेको पत्रमा अमेरिकाले आगामी दिनहरुमा फौजलाई स्थानान्तरण गर्ने उल्लेख गरिएको बताइएको छ ।

इराकी संसदले इराकबाट अमेरिकी फौज फिर्ता हुनुपर्ने भनी सङ्कल्प प्रस्ताव पारित गरेपछि उक्त पत्र लेखिएको थियो ।अमेरिकी रक्षामन्त्रीले उक्त पत्र अहिले अमेरिकाले राखिरहेको अडानसँग नमिल्ने बताएका छन् ।

इरानले देशभरी नै तीन दिनसम्मका लागि राष्ट्रिय शोकको पनि घोषणा गरेको थियो । त्यस्तै इरानी रक्षामन्त्री जावेद जारिफले अमेरिकी सेनाले गराएको यो घटनालाई अन्तरराष्ट्रिय आतङ्कवाद भनी आरोप लगाएका छन् । इरानको संसद्ले अमेरिकी सेना र रक्षा मन्त्रालय पेन्टागनलाई आतंकवादी संगठन घोषणा गर्ने एउटा प्रस्ताव पारित गरेको छ । इरानी संसद्ले विदेशी भूमिमा कार्य गर्ने कूद्स फोर्सका लागि अतिरिक्त रकम विनियोजन समेत गर्ने निर्णय गरेको छ । यसैबीच इरानले सन् २०१५ मा भएको अन्तर्राष्ट्रिय परमाणु सम्झौताका कुनै पनि प्रतिबन्ध नमान्ने भएको छ ।

यसैबीच सुलेमानी हत्याको बदलास्वरुप इरानले इराकस्थित अमेरिकी हवाई शिविर मा ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमण गरेको छ । सो आक्रमणमा ८० अमेरिकीहरु मारिएको इरानी समाचार संस्थाहरुले जनाएका छन् ।

*(एजेन्सीहरुको सहयोगमा)*

# नेपालका चार धाममध्ये एक रूरू क्षेत्र धाम

**चिरञ्जीवी ज्ञवाली**

पौराणिक कालदेखि पवित्र तिर्थस्थलको रूपमा परिचित रुरुक्षेत्र (रिडी) गुल्मी पाल्पा र स्याङ्जा जिल्लाको माझमा रहेको छ । पश्चिम नेपालको व्यापारिक राजधानी बुटवलदेखि करिब ७० किलोमिटर उत्तरमा अवस्थित यो क्षेत्र गुल्मी जिल्लाको मूलद्वार हो । यो सामुद्रिक सतहदेखि १८०० फिटको उचाइमा रहेको छ । चारैतिरबाट पहाडैपहाडले घेरिएर बीचमा समथर जमिन रहेकोले यसको प्राकृतिक बनावट उपत्यका जस्तो देखिन्छ । यो ठाउँमा सडक मार्ग भएर काठमाडौं बुटवल तान्सेन हुँदै आउन सकिन्छ ।

यहाँ आउन सबै प्रकारका निजी तथा भाडाको सवारी साधन पाउन सकिन्छ । साथै हवाइ मार्ग भएर आउँदा भैरहवा विमानस्थलदेखि बुटवल हुँदै आउन सकिन्छ । पक्की सडक, सन्चार, विद्युत, होटल, शिक्षा तथा मनोरन्जन लगायतका सम्पूर्ण सुविधाहरूले यो ठाउँ सुगम बनेको छ । कालीगण्डकीको तटमा अवस्थित यो ठाउँमा १८ सालमा आएको भिषण बाढीले रिडी बजारलाई पुरै ध्वस्त बनाएको थियो । जसको कारण यहाँका एतिहासिक तथा धार्मिक महत्वका सम्पदाहरूसहित ठूलो धनजनको क्षति हुन पुग्यो । सो महाविनासपछि बनेको नयाँ घरहरू, मन्दिर, पाटी, पौवा तथा बगैंचाहरूले यो ठाउँलाई व्यवस्थित बनाउनुका साथै यसको सौन्दर्यता समेत थपेको छ । कालिगण्डकीको किनारामा अवस्थित रुरुक्षेत्रको महिमा पुराण तथा शास्त्रहरूमा उल्लेख गरेको पाइन्छ । बराह पुराणमा रुरु क्षेत्रको पौराणिक इतिहासको वर्णन गरिएको छ भने स्वस्थानी किताबमा पनि यसै स्थान (भिर्गुतुङेश्वर) मा सतीदेवीको दन्त पतन भएको उल्लेख गरिएको छ। त्यस्तै हिन्दू धार्मिक मान्यताअनुसार नेपालमा चार वटा धार्मिक क्षेत्रहरू रहेका छन् ती क्षेत्रहरू (रुरुक्षेत्र, बराहक्षेत्र, पाशुपतक्षेत्र र मुक्तिक्षेत्र) मध्येको एक क्षेत्र रुरुक्षेत्र पनि हो । यो ठाउँलाई नेपालको बनारसको रूपमा पनि चिन्ने गरिन्छ । विदेशी विद्वान पर्सिवल ल्यान्डनले 'नेपाल' नामक पुस्तकमा बनारसमा उपलब्ध सम्पूर्ण विशेषताहरू रुरुक्षेत्रसँग मेल खाने भएकोले यसलाई बनारससँग तुलना गर्दै 'नेपालको बनारस' भनी टिप्पणी गरेका छन् ।

हिन्दूहरूको लागि यो क्षेत्र पवित्र घाट पनि हो । त्यसैले देशको विभिन्न भूभागबाट मानिसहरू दाहसंस्कारका लागि यहाँ आउने गर्छन् । धार्मिक मान्यताअनुसार रुरुक्षेत्रमा देहत्याग गरिएमा मुक्ति पाइन्छ भन्ने विश्वास रहेको छ । भगवान विष्णुको प्रतीक मानिने शालीग्राम पनि यहाँ पाउन सकिन्छ । त्यसैले यो क्षेत्र शालिग्राम क्षेत्रको रूपमा पनि परिचित छ । यहाँ चक्र तथा विभिन्न आकारको दुर्लभ शालिग्रामहरू पाइन्छ । त्यस्तै यहाँ वर्षभरिमा थुप्रै मेलाहरू लाग्ने गर्छन् । मुख्यतः यहाँ माघेसंक्रान्ति तीन दिन र ऋशिकेश उत्सव २ दिन ठूलो मेला लाग्ने गर्दछ । साथै वर्षभरिको औंशी, पूर्णिमा, ग्रहण तथा वैशाख महिनाको प्रत्येक शनिबार यहाँ मेला लाग्ने गर्दछ । एक कोषीय परिधिमा सीमित भएर पनि यहाँ करिब ४० भन्दा बढी मन्दिरहरू रहनु यो क्षेत्रको ठूलो विशेषता हो । यहाँ रहेको ऋशीकेश मन्दिर नेपालकै सुप्रसिद्ध मन्दिरहरूमध्येको एक मानिन्छ जुन विश्व सम्पदा सूचीको लागि मनोनयमा समेत परेको छ । यिनै भगवान ऋषीकेशको विराजमान, कालिगन्डकीको बहाव तथा शालिग्रामको उपलब्धता जस्ता त्रैआयामिक विशेषताहरूको संगम रहनाले रुरु क्षेत्रको विशिस्ट किसिमको धार्मिक पहिचान बनेको छ ।

यो क्षेत्र धार्मिक स्थल मात्र नभएर यो भेगको मुख्य व्यापारिक केन्द्रबिन्दु पनि हो । प्राचिनकालदेखि नै यो गुल्मी, पाल्पा, स्याङ्जा, अर्घाखाँची, बाग्लुङ, रुकुम र रोल्पा लगायत अन्य आसपासका जनताको व्यापारिक केन्द्रबिन्दु रहँदै आएको छ । यहाँ सडक यातायातको सुविधा हुनुपूर्व पनि मानिसहरू आफैंले बोकेर तथा खच्चडको माध्यमबाट सामानहरूको ढुवानी गर्दथे । प्राचिनकालमा भोट, नेपाल उपत्यका तथा मधेस आउन जानको लागि यो ठाउँ पायक पर्थ्यो । गुल्मी जिल्लाको प्रवेश द्वार रहेको यो ठाउँ भएर नै अर्घाखँची, बाग्लुङ र स्याङ्जा जिल्लालाई सडक यातायातले जोडेको छ । जसरी आज बुटवल पश्चिम नेपालको व्यापारिक केन्द्रबिन्दु बनेको छ, त्यस्तै भोलिको दिनमा रुरुक्षेत्र पनि यो भेगको व्यापारिक केन्द्र बन्ने निश्चित छ ।

यहाँ रहेको प्राकृतिक स्रोत साधन जल, जंगल, जमिन तथा खनिज पदार्थहरूको उच्चतम प्रयोग गरी यहाँ उद्योगधन्दा सन्चालन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । हाल देशले चरम ऊर्जा संकट बेहोरिराखेको अवस्थामा यहाँ खेर गएको खोलाको पानीबाट २.४ मेघावाट विद्युत उत्पादन गरी यो क्षेत्रलाई लोडसेडिङ



मुक्त क्षेत्र बनाइएको छ । यहाँको अर्को विशेषता भनेको एतिहासिक पक्ष हो । धेरै पहिलेदेखि नै यो ठाउँ उच्च पदस्त व्यक्तित्वहरूको गन्तब्य रही आएको पाइन्छ । यहाँको इतिहासमा पाल्पाली राजा मणिमुकुन्द सेन, भिमसेन थापा, जंगबहादुर राणा तथा राजामहाराजाहरूको प्रमुख गन्तब्य रहेको पाइन्छ । साथै भिमसेन थापाले यो ठाउँमा एउटा मन्दिर र पौवासमेत बनाएका छ्न । त्यस्तै श्री ३ जुद्धशमशेर राणाले यो क्षेत्रमा कल्पबास बस्न आएका थिए । त्यही कल्पबास बस्ने प्रायोजनको लागि उनले अर्गलीमा दरबार बनाएका थिए जुन अहिले पनि बिद्यमान छ । साथै यहाँ राजपरिवारको कुनै पनि सदस्यको देहावसानपछि तिनीहरूको अस्तु सेलाउने परम्परासमेत रहेको छ ।

नामाङ्कन - रुरुक्षेत्र यो ठाउँको पौराणिक नाम हो । यसलाई रिडी क्षेत्र पनि भन्ने गरिन्छ । यसको नामाङ्कन कसरी भयो भन्ने बारेमा आज धेरै व्यक्तिहरूबीच मतभेद रहेको पाइन्छ । रुरुक्षेत्र भन्ने नामको सन्दर्भमा रुरु अर्थात मृगले देवदत्त ऋषीको पुत्रीलाई स्तनपान गराइ हुर्काएको कारणले तिनलाई रुरुकन्या भनियो । पछि तिनै कन्याले यहाँ कठोर तपस्या गरी मुक्ति पाएकोले यो ठाउँ उनै कन्याको नामबाट 'रुरुक्षेत्र' भनी चिनिन थाल्यो भन्ने मत पाइन्छ । 'रिडी' क्षेत्रको सन्दर्भमा रुरुक्षेत्र भन्ने शब्द अपभ्रंश भई 'रिडी' क्षेत्र बन्न गएको भन्ने मान्यता पाइन्छ ।

त्यसैगरी धार्मिक मान्यताअनुसार मानिस जन्मँदै तीनवटा ऋण : देव ऋण, पितृ ऋण र ऋषि ऋण लिएर आएको हुन्छ । जो व्यक्ति हिमालयदेखि बग्दै आएको कालीगण्डकीको संगम अर्थात् दोभान (जुन रुरुक्षेत्रमा पर्छ) मा स्नान गर्छ सो व्यक्तिको पाप पखालिन्छ भन्ने मान्यता रहेकोले यो स्थानलाई ऋणी भनिन थालियो । पछि ऋणी भन्ने शब्द अपभ्रंश भई 'रिडी' बन्न गएको भन्ने धारणा पाइन्छ । त्यस्तै अर्को मान्यताअनुसार 'रिडी' भन्ने शब्द मगर भाषाबाट आएको हो । मगर भाषामा 'री' भन्नाले कालो तथा 'डी' भन्नाले पानी भन्ने अर्थ लाग्छ । अर्थात कालो पानी बग्ने क्षेत्र (काली गन्डकी) भएकोले यसलाई 'रिडी' भनिएको हो भन्ने तर्क पाइन्छ ।

पौराणिक गाथाः धेरै समय पहिले रुरुक्षेत्रमा देवदत्त नाम गरेको एकजना ब्राम्हण बस्दथे। उनले कालिगन्डकीको किनारमा आश्रम बनाइ तपस्या गर्नथाले। महात्माको तपस्या धेरै समय सम्म चलिरह्यो । अत्यन्तै कठोर तपस्यामा लागेको देखेर देव्राज ईन्द्र सशंकित भई उनको तपस्या भङ्ग गर्नतर्फ लागे। सोही अनुरूप उनले देवदत्तको आश्रममा प्रह्मलोचा नामको अप्सरालाई तपस्या भङग गर्न पठाए। जब देवदत्त उनको ध्यानबाट उपरत भई केही समय यताउती घुम्न थाले तब उनले टाढैबाट भकुन्डो खेली राखेकी अत्यन्तै सुन्दरी प्रह्मालोचालाई देखे।

अप्सराको हाउभाउ कटाक्षले मुनी मोहित भये। उनको सुन्दरता प्रती बसिभुतभई विवाहको प्रस्ताब राखे र दुबै जना विवाह बन्धनमा बाँधीइ संसारिक सुखमा बिलिन भए। केही समयको अन्तराल पछी प्रह्मालोचाले एउटी कन्यालाई जन्म दिइन। ततपस्चात उनले आफ्नो उधेश्य पुराभएको सम्झी ति कन्यालाई त्यही आश्रममा छाडेर स्वर्ग गइन। जब देवदत्तले यो कुराको वास्तविकतालाई बुझे तब उनी छाँगा बाट खसे झै भए। उनको हृदयमा तिब्र बैराग जागेर आयो ततपस्चात उनी उत्तरतिरको भ्रिगु आश्रमतिर लागे र भगवान शिवको कठोर तपस्या गर्नथाले। उनको तपस्या देखी भगवान शिव प्रशन्न भई उनको सामु प्रकट भए र आशिर्बाद दिए 'जसले गन्डकिको नदीमा स्नानगरी शिवलिङ्ग(भ्रिगुतुमको)को दर्शन गर्ला उसले राम्रो योगफल तथा शिद्धी प्राप्त गर्नेछ'। यती भनी भगवान शिव अन्तरध्यान भए। देवदत्तले पनि शिवजीबाट आशिर्बाद पाइ आफु मुक्तभएको अनुभब गरे।

प्रह्मालोचाबाट जन्मेकी कन्यालाई पछी मृगले दुध पिलाएर हुर्काए। संस्क्रित भाषामा मृगलाई रुरु भनिन्छ। त्यही रुरुले दुध पिलाएर हुर्केकी कारणले तिनको नाम रुरुकन्या रहनगयो। पछी उनले भगवान नारायणको कठोर तपस्या गर्न थालिन। उनको कठोर तपस्या देखी भगवान नारायण प्रशन्न हुनुभयो र उनको सामु प्रकट भई बारदान माग्न भन्नु भयो। भगवानको यस्तो वाक्य सुनेर रुरुकन्याले बिन्ती गरिन "हे नाथ यदी मलाई बारदान दिनु हुन्छ भने यही चतुरवाहु श्री नारायणको रूपले हजुर यही बिराजमान होइबक्सीयोस र मेरो नाम बाट यो क्षेत्र प्रशिद्ध होस् " उनको यस्तो प्रार्थना सुनी भगवानले भन्नु भयो "अब उपरान्त यो ठाउँ रुरुक्षेत्र नामले प्रख्यात हुने छ। यो क्षेत्रमा जसले स्नान गरेर तीन दिन यहाँ रही चतुरबाहु ह्रिषीकेशको दर्शन गर्छन् त्यो पवित्र हुन्छ भनी भगवान अन्तरध्यान हुनु भयो। (त्यसैले ५ दिन माघे संक्रान्ती मेला लाग्ने गर्छ)।

ती रुरुकन्या केही समय त्यहीँ रहिन् र पछी उनले देहत्याग गरिन् र उनले मुक्ति पाइन् । भगवानको आशिर्वादले गर्दा त्यो दिनदेखि रुरु क्षेत्र पुण्य क्षेत्र बन्यो । यो क्षेत्र अत्यन्तै पवित्र भयो र रुरु कन्याको नामले रुरुक्षेत्र भनी हिन्दू जगतमा प्रसिद्ध भयो । पश्चिम नेपालको तानसेन बजारदेखि उत्तर-पश्चिममा गुल्मी र पाल्पाको सिमानबाट बग्ने पवित्र कालीगण्डकी र गण्डकीको तीरमा अवस्थित ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थल । यस क्षेत्रमा मणिमुकुन्द सेनद्वारा प्रतिस्थापित ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले महत्वपूर्ण ऋषिकेश मन्दिर रहेको छ ।

प्रेरक

## भगवान्प्रतिको विश्वास

एउटा गाउँमा एक साधु बस्थे। उनी दिनरात कडा तपस्या गर्थे। उनमा भगवान्प्रति अटुट विश्वास थियो। एकपटक गाउँमा घनघोर वर्षा भयो। आसपासका नदीमा पानीको सतह बढ्दै गयो। गाउँले गाउँ छाडेर सुरक्षित स्थानतिर जान थाले। गाउँलेले साधुलाई पनि आफूहरूसितै सुरक्षित स्थानमा जान अनुरोध गरे। तर, उनले गाउँलेको प्रस्ताव ठाडै अस्वीकार गर्दै भने- तपाईंहरू जानुहोस्, मलाई मेरा भगवान्प्रति पूरापूर भरोसा छ। उहाँ मलाई बचाउन अवश्यै आउनुहुनेछ।

बिस्तारै गाउँमा पानी भरिँदै गयो। साधुको कुटी पनि पानीले भरियो। हुँदाहुँदा साधुको पनि घुँडाघुँडासम्म पानी पुग्यो। त्यति नै वेला त्यहाँ एउटा गाडी आइपुग्यो। गाडीमा सवार व्यक्तिले साधुलाई गाडी चढेर सुरक्षित स्थानतर्फ जान अनुरोध गरे। तर, फेरि पनि साधुले अस्वीकार गर्दै भने- मलाई तपाईंहरूको सहायताको कुनै आवश्यकता छैन। मलाई बचाउन मेरा भगवान् अवश्यै आउनुहुनेछ।

त्यसैले, अरू गाउँलेलाई लिएर तपाईंहरू जानुहोस्। साधु आँखा चिम्लेर भगवान्को स्मरण गरिरहे। गाउँलेको उद्धारका लागि त्यहाँ एक डुंगा आइपुग्यो। उद्धार दलका सदस्यहरूले साधुलाई भने- छिटो गर्नुहोस् साधु महाराज, हामी तपाईंलाई सुरक्षित स्थानमा पुर्‍याइदिन्छौँ। छिटो डुंगामा आउनुहोस्। अरूलाई पनि सुरक्षित स्थानमा छाड्नु छ। समय बर्बाद नगर्नुहोस्।

तर, उद्धारकर्ताको अनुरोधपछि पनि साधुले आफ्नो जिद्दी छाडेनन्। उनले डुंगा चढ्न अस्वीकार गरे। डुंगा बाँकी गाउँलेको उद्धार गरेर सुरक्षित स्थानतिर लाग्यो। केही समयमै उर्लंदो बाढीले साधुलाई उनको कुटीसहित बगाएर बेपत्ता पार्‍यो। साधुको मृत्यु भयो। मृत्युपछि जब साधु स्वर्ग पुगे, तब उनले भगवान्सित प्रश्न गरे- हे भगवान्, मैले कैयौँ वर्षसम्म कडा तपस्या गरेँ। हजुरमाथि असीम विश्वास गरेँ। तर, संकटको समयमा मलाई बचाउन हजुर किन आउनुभएन ? भगवान्ले मुसुक्क मुस्कुराउँदै प्रश्न गरे- मैले तिमीलाई बचाउन एकपटक होइन, तीन-तीनपटक प्रयास गरेँ। तर, तिमीले मेरो अनुरोध मान्दै मानेनौ। तिम्रा सामु गाउँले, गाडी र डुंगालाई कसले पठाएको थियो त ?

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष
बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । चिताएको काम सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका छ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । मान(सम्मान प्राप्त हुनेछ । सम्पादित कामबाट धन लाभ हुनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । अध्ययनमा प्रगति हुनेछ ।

### बृष
नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । रचनात्मक काम बन्नुका साथै मनग्गे धन आर्जन हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

### मिथुन
भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । परिवारजनबाट टाढिनुपर्ला । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । तापनि, समस्या पर्दा सहयोग गर्नेहरू भेटिनेछन् । खर्च लागे पनि दिगो फाइदा हुने काम फेला पर्न सक्छ । चुनौती पन्छाउँदै रोकिएका काम बनाउन सकिनेछ । टाढाका साथीभाइको निम्तो प्राप्त हुने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला ।

### कर्कट
मिहिनेतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ । तर आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ । प्रतिफल हातपार्न केही समय लाग्नेछ । जिम्मेवारी भने बढिरहनेछन् तर आफ्ना काम स्थगित हुनाले मन खिन्न हुनेछ ।

### सिंह
सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ। अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । अरूका काममा श्रम तथा बुद्धि खर्चनुपर्ला । वचन पुर्‍याउन नसक्ता आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । तापनि मिहिनेतले फाइदा दिलाउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । कृषि तथा पशुपालनमा त्यति लाभ नभए पनि व्यापारमा फाइदा हुनेछ ।

### कन्या
सहयोगीहरूले राम्रो फाइदा दिलाउनेछन् । भाग्यले विभिन्न अवसर जुराउनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । मिहिनेत गर्दा पदीय जिम्मेवारी प्राप्त हुने सम्भावना छ । तर विगतका कमजोरीमा सुधार आउनेछ । लगनशीलताले लाभ दिलाउन सक्छ । पहिलेको सफलताले हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् ।

### तुला
काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ने परिस्थिति रहनेछ । अरूका काममा धेरै समय खर्चनुपर्ला । विगतका समस्या बल्झिन सक्छन् । सानातिना काम र घरेलु समस्यामा अल्झनुपरे पनि बुद्धिको उपयोगले समस्या सुल्झाउन सफल भइनेछ । शुभचिन्तकहरूको साथले कर्मयोग बलियो रहनेछ । तर अरूको भर पर्दा काम अधुरो रहन सक्छ ।

### वृश्चिक
घुमफिर तथा मनोरञ्जनमा समय बित्नेछ । तर, विचार नमिल्नाले आफन्तसँग मतभेद हुन सक्छ। वादविवादले साथीभाइमा फाटो ल्याउनेछ । निम्तो आए पनि आतिथ्य खर्चिलो बन्न सक्छ । भेटघाटले काममा अलमल्याउन सक्छ । तापनि मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । उठ्नुपर्ने रकम तत्काल हातलागी नहुन सक्छ । व्यवसायको सन्दर्भमा यात्रा गर्नुपर्ला । होस पुर्‍याएर काम गर्नुपर्ने अवस्था छ ।

### धनु
व्यवसायमा अपेक्षित फाइदा उठाउन नसकिएला । ईर्ष्यालु मन भएकाहरूले सताउन सक्छन् । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन् । वादविवादबाट जोगिँदै समयको गतिलाई पछ्याउने प्रयत्न गर्नुहोला । चुनौती चिर्दै काम बनाउन सकिनेछ । स्वास्थ्य सबल रहनेछ भने पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । प्रतिस्पर्धामा विजयी भइनेछ ।

### मकर
आँटले सजिलै लक्ष्यमा पुर्‍याउनेछ । दिगो फाइदा हुने काम सम्पादन हुनेछ । सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ । शुभचिन्तकहरूले साथ दिनेछन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । आफ्नो प्रतिभाको कदर हुनेछ ।

### कुम्भ
पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ । अरूको व्यवहारले शंका उब्जाए पनि शुभचिन्तकहरूको साथ प्राप्त हुनेछ । कृषि तथा पशुधनले मनग्गे फाइदा दिनेछ । पहिलेका कमजोरीलाई सुधार गर्ने मौका छ । प्रयत्न गर्दा लक्ष्य प्राप्ति हुनेछ । दोहोर्‍याएर प्रयत्न गर्दा रोकिएको काम बनाउन सकिनेछ ।

### मीन
प्रक्रिया नमिल्नाले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ । केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । बलजफ्ती गर्ने बानीले समस्या निम्त्याउन सक्छ । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला । चिताएका काममा बेलैमा योजना बनाएर प्रारम्भ गर्दा फाइदा हुनेछ । मिहिनेतले दैनिकीमा परिवर्तन आउनेछ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Valedictory = विदाईको अवशरमा दिने His valedictory speech was so sentimental that very few could stand it (उसको विदाइको बक्तब्य यति भावपूर्ण थियो कि धरै थोरैले मात्र आफूलाई संहाल्न सके )

Wake = पदको चिन्ह, घटना घटेपछिको अवस्था, उत्तिनखेरै The policemen converged on the spot in the wake of a bomb blasting (बम पडकेको ठाउमा उत्तिनखेरै प्रहरीहरू जम्मा भए)

Yack = ठूलो ठूलो स्वरले धेरैबेर सम्म कुरा गरिराख्नु I always avoid her as she is used to yacking (ठूलो ठूलो स्वर गरि अरूलाई बोल्नै नदिइ आफैमात्र कुरा गर्ने वानी भएको हुंदा म तिनीलाई देख्यानदेखै गर्दछु )

Zomble = जिउंदो मुर्दा, कसैको ख्याल नगरी आफ्नै तालमा हिड्ने He is a zomble and does not care what is happening around him (ऊ आफ्नै तालको मान्छ हो आफ्नै वरिपरि समेत के भइरहेछ भन्ने कुरा उसलाई थाहा हुंदैन)

Aesthetic = सौन्दर्यको प्रशंसक He is an aesthetic person (ऊ सौन्दर्यको प्रशंसक हो)

Buttress = समर्थन गर्नु, बल पुर्‍याउनु, जोड गर्नु Debaters always buttress their argument with facts (वक्तृत्व कलामा भाग लिनेहरूले तथ्यमा आधारित हुंदै आफ्नै तर्कको पक्षलाई जोड गर्दछन्)

Coalesce = मिसिनु All the rivers coalesce into the sea (सबै नदिहरू समुन्द्रमा गएर मिसिन्छन)

Deterrent = निरुत्साही Rules and regulations alone can not serve as a deterrent to the corrupt administrators (भ्रष्ट प्रशासकहरूलाई रुल नियमले मात्रै निरुत्साहित गर्न सक्तैन

Emulate = प्रेरणाको रुपमा लिई त्यसभन्दा झन राम्रो गरी देखाउनु He always tries to emulate his elder brother's achievement (ठूलो दाजुले गरेको उपलब्धीबाट प्रेरणा लिंदै ऊ सधै झन राम्रो गर्ने कोशिस गर्दछ)

Flagrant = कपटपूर्ण The Prime-minister's appointment of his brother to ambassador was a flagrant violation of diplomatic tradition (कुटनैतिक परंपराको उल्लंघन गर्दै प्रधानमंत्रीले आफ्नो भाइलाई राजदुतमा नियुक्त गर्नु कपटपूर्ण थियो)

## Give बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Give a ring = टेलिफोन गर्नु I will give you ring early morning tomorrow म भोलि विहानै तिमीलाई टेलिफोन गर्छु ।

Give somebody that = सत्य स्वीकार्नु Even the government itself gave us that the inflation is rising महंगी वढिरहेछ भन्ने कुरा सरकार आफैले स्वीकारेको छ ।

Give a press conference = पत्रकार सम्मेलन गर्नु This evening the Primeminister will give a press conferenceआज वेलुकी प्रधानमंत्रीले पत्रकार सम्मेलन गर्दैछन् ।

Give a dinner = रातीको खाना खान वोलाउनु On the occasion of their wedding anniverary, they gave us a dinner last Saturday विवाहको वार्षिकीमा तिनीहरुले हामीलाई बेलुकाको खाना खान वोलाए ।

Give a start = शुरुवात गर्नु They distributed us sweets to give their shop a good start पशल शुरुवात गर्दा राम्रो होस भनेर तिनीहरुले हामीलाई मिठाइ वाडे ।

Give a pain = दुख्नु The long physical exercise this morning gave me a pain in the back आज विहानको लामो शारिरिक ब्यायामले मेरो ढाड दुखेको छ ।

Give an appetite = भोक जगाउनु Daily morning walk can give a good appetite दैनिकरुपमा गरिने विहानको हिडाइले भोक जगाउछ ।

Give under = लच्कनु The branch gave well under his weight तौलले हांगालाई राम्रै लच्कायो ।

Give a surprise = छक्क पार्नु His visit after long time gave me a good surprise । लामो समय पछिको उस्को आगमनले मलाइ राम्रै छक्क पार्‍यो ।

### सुडोकु-अंक १८२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | | | | | ४ | | | |
| | १ | | | ६ | | | | |
| | ३ | | ९ | ८ | | ७ | | |
| | | ८ | | | | | | ५ |
| | | ३ | ५ | | ७ | १ | | |
| ६ | | | | | | ३ | | |
| | | २ | | ७ | १ | | ८ | |
| | | | | ९ | | | २ | |
| | | | ८ | | | | | ४ |

### अंक १८१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ६ | २ | ५ | १ | ७ | ३ | ४ | ९ |
| १ | ९ | ४ | २ | ८ | ३ | ७ | ५ | ६ |
| ३ | ५ | ७ | ४ | ६ | ९ | २ | ८ | १ |
| ६ | ८ | ३ | ७ | ९ | ४ | १ | २ | ५ |
| ७ | २ | ९ | ६ | ५ | १ | ८ | ३ | ४ |
| ४ | १ | ५ | ८ | ३ | २ | ६ | ९ | ७ |
| ९ | ३ | ६ | १ | २ | ५ | ४ | ७ | ८ |
| २ | ४ | १ | ९ | ७ | ८ | ५ | ६ | ३ |
| ५ | ७ | ८ | ३ | ४ | ६ | ९ | १ | २ |

# समाचार संक्षेप

## भूकम्पीय जोखिमसम्बन्धी जनचेतनामूलक कार्यक्रम

काठमाडौं । समुदाय-प्रहरी साझेदारीअन्तर्गत चन्द्रागिरी नगरपालिका(७ थानकोटस्थित ग्रिनल्याण्ड बैंक्वेटमा ‘सुरक्षा सुदृढिकरण सम्बन्धी अन्तरकृया तथा भूकम्पीय जोखिमसम्बन्धी जनचेतनामूलक कार्यक्रम मंगलबार सम्पन्न भएको छ। उक्त अवसरमा महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायव महानिरीक्षक विश्वराज पोखरेलले हरेक नागरिकले अनुशासन, परिवर्तन आफैले सुधार गरेमात्र परिवार, समुदाय, समाज र देश परिवर्तन हुने भएकोले यसको लागि प्रहरीले आफ्नो भूमिका निर्वाह गर्न सदैव प्रतिवद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरिले चन्द्रागिरि नगरपालिकाको कलंकी नागढुंगा सडकखण्डमा छिट्टै सिसिटिभि जडान गर्ने र सडक सुरक्षा लगायत यस नगरपालिकाको सुरक्षा व्यवस्था सुदृढ बनाउन प्रहरी लगायत सरोकारवाला निकायसँग सहकार्य गर्दै अगाडि बढेको बताउनुभयो ।

## जबरजस्ती करणीमा पक्राउ

सिरहा । १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा धनगढीमाई नगरपालिका(१२ ठटिया बस्ने २३ वर्षीय राकेश यादवलाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । यादवले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बिष्णुपुरकट्टी र ईलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## प्रहरीलाई आर्थिक प्रलोभनमा पार्न खोज्ने पक्राउ

काठमाडौं । काठमाडौं महानगरपालिका १५ डल्लु पुलस्थित डिउटीमा खटिएको प्रहरीलाई नगद ५ सय रुपैयाँ दिई आर्थिक प्रलोभनमा पार्न खोज्ने भक्तपुर बालकोट बस्ने दाङ घोराही उपमहानगरपालिका(४ घर भएका २१ वर्षीय रबिन घर्तीलाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ। महानगरीय प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले सवारी चालक अनुमतिपत्र प्राप्त नगरी बा.९७ प ३१९३ नम्बरको मोटरसाइकल चलाएको अवस्थामा फेला पारी घर्तीलाई कारवाही गर्ने क्रममा प्रहरीलाई उक्त नगद दिन खोजेपश्चात उनलाई पक्राउ गरेको हो ।

## ५ जुवाडे पक्राउ

ललितपुर । ललितपुर महानगरपालिका १४ ताल्सिखेल बस्ने चन्द्र बहादुर देवाङको टहरोमा जुवातास खेलिरहेको अवस्थामा सोही महानगरपालिका(२३ बस्ने ४९ वर्षीय चन्द्र कुमार देवाङ समेत ५ जनालाई नगद १ लाख ८० हजार ८ सय रुपैयाँ र ३ बुक तास सहित मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । महानगरीय प्रहरी वृत्त सातदोबाटोबाट खटिएको प्रहरीले उनीहरुलाई जुवातास खेलिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

## दुर्घटनामा २ को मृत्यु

काठमाडौं । कपिलवस्तु र दोलखामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ । कपिलवस्तु, बाणगंगा नगरपालिका ११ देउपारस्थित सडकमा लु.१ च ९६२८ नम्बरको जिपले लु.१३ प १२५० नम्बरको मोटरसाइकललाई मंगलबार दिउँसो ठक्कर दिँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक सोही ठाउँ बस्ने २८ वर्षीय कृष्ण थारुको सामुदायिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार २७ वर्षीय कृष्ण प्रसाद थारुलाई थप उपचारको लागि सिटि अस्पताल बुटवल रिफर गरिएको छ । दोलखा, भिमेश्वर नगरपालिका ३ स्थित सडकमा ना.६ त १८१३ नम्बरको ट्याक्टर अनियन्त्रित भई मंगलबार राति दुर्घटना हुंदा गम्भीर घाइते भएका चालक भिमेश्वर नगरपालिका(३ बसपार्क डेरा गरी बस्ने रामेछाप नगरपालिका(४ घर भएका २२ वर्षीय यमराज मगरको धुलिखेल अस्पताल काभ्रेमा उपचारको क्रममा मृत्यु भएको छ ।

## विभिन्न धनमाल चोरी

ललितपुर । महालक्ष्मी नगरपालिका(५ ईमाडोल बस्ने वीर बहादुर चन्दको घरबाट नगद तथा सुनका विभिन्न गरगहना समेत गरी करिब २ लाख ५० हजार रुपैयाँ बराबरको धनमाल मंगलबार बिहान चोरी भएको छ । चोरीमा संलग्न फरार व्यक्तिहरुको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## आगलागीबाट विभिन्न धनमाल जलेर नष्ट

काठमाडौं । काठमाडौं, नागार्जुन नगरपालिका ९ बाफलस्थित मनमती खोला नजिक प्रकाश बुढाथोकीको कुखुरा फर्ममा करेन्ट सर्ट भई बुधबार बिहान आगलागी हुँदा फर्म पूर्णरूपमा जलेर करिब ३ लाख ५० हजार रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ । मोरङ, सुन्दरहरैचा नगरपालिका १ डाँगीटोल बस्ने जय कुलुङ राईको गोठमा मंगलबार दिउँसो आगलागी हुँदा गोठ पूर्णरूपमा जलेर करिब ३ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

## अनलाइनमार्फत् ठगी, ५ जना पक्राउ

काठमाडौं । अनलाईनमार्फत् ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ५ जनालाई उपत्यकाका विभिन्न स्थानबाट सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा काठमाडौं सतुंगल बस्ने रौतहट मंगलपुर गाउँपालिका ३ घर भएकी २८ वर्षीया सर्मिला कुमारी श्रेष्ठ, काठमाडौं महानगरपालिका ५ हाँडीगाँउ बस्ने मोरङ विराटनगर घर भएका २९ वर्षीय अलङकार जैन, काठमाडौं महानगरपालिका १७ क्षेत्रपाटी बस्ने भारत घर भएका ४९ वर्षीय नविन अग्रवाल, काठमाडौं महानगरपालिका बौद्ध बस्ने भारत घर भएका ५२ वर्षीय आनन्द अग्रवाल र काठमाडौं महानगरपालिका १६ बालाजु बस्ने ४० वर्षीय सुशिल गुरुङ रहेका छन् । उपत्यकाको विभिन्न स्थानमा व्यवसाय गरी बस्ने गरेका ब्यक्तिहरुले अनलाईनमार्फत् ठगी धन्दा संचालन गरेको भन्ने सूचनाको आधारमा महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

## बालिका हत्या अभियोगमा ४ पक्राउ

पर्सा । पोखरिया नगरपालिका(९ शिवबर्वा बस्ने १५ वर्षीया बालिकाको हत्या गरेको अभियोगमा ४ जनालाइ सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा पोखरिया नगरपालिका(९ शिवबर्वा बालिकाकी आमा ३० वर्षीया शिवकली देवी, सोही स्थान बस्ने ३९ वर्षीय राजेन्द्र महतो तत्वा, २८ वर्षीय संतोष महतो तत्वा र सुबोध भन्ने १९ वर्षीय जितेन्द्र यादव रहेका छन् ।

सो ठाउँ बस्ने बीरेन्द्र महतो तत्वाकी १५ वर्षीया छोरी पुनिता कुमारीको हत्या गरी घरबाट करिब २ किलोमिटर उत्तर खोला नजिकै गाडेको भन्ने सूचना प्राप्त हुना साथ जिल्ला प्रहरी कार्यालय पर्सा र ईलाका प्रहरी कार्यालय पोखरियाबाट संयुक्तरुपमा खटिएको प्रहरीले घटनास्थलमा शव जलाएको अवस्थामा शरीरको आंशिक भागहरू फेला पारेको हो । बालिकाको बाबु निज बीरेन्द्र महतो तत्वा हाल फरार रहेकोले को प्रहरीले खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## धनमाल चोरी

काठमाडौं । अर्घाखाँची, छत्रदेब गाउँपालिका(६ ठूलापोखरा कपासे बस्ने ५० वर्षीय टिकाराम बन्जाडेको घरबाट नगद १ लाख ५० हजार रुपैयाँ र सुनका बिभिन्न गरगहना गरी करिब ५ लाख १० हजार रुपैयाँ बराबरको धनमाल मंगलबार बिहान चोरी भएको छ । सिन्धुपाल्चोक, हेलम्बु गाउँपालिका १ तार्केध्याङ्ममा रहेको तार्केध्याङ गुम्बाबाट १० वटा पूरानो बुद्धको मूर्तिरस्तुपा, २ वटा फुर्पा र दान पेटिकामा रहेको भेटी चोरी भएको छ ।

## धनमाल जलेर नष्ट

काठमाडौं । उदयपुर, रौतामाई गाउँपालिका(७ बस्ने बम बहादुर केप्छाकी मगरको घरमा सोलारको ब्याट्री सर्ट भई मंगलबार बिहान आगलागी हुँदा घर, अन्तपात, भाँडावर्तन र लत्ताकपडा जलेर करिब ४ लाख रुपैयाँ बराबरको धनमाल नष्ट भएको छ ।

# शब्दचित्रमा गेहेन्द्रबहादुर बज्राचार्य





**Personal Information**

**Name :** Gehendra B. Bajracharya
**Date of Birth :** 28th Feb. 1954, Kathmandu/Nepal
**Address :** Shankhamul Marga, Shankhamul-31, Kathmandu-1, Nepal.
**Mailing Address :** **Mailing Address**: House # 210 Shankhamul, Kathmandu
**Telephone :** **+977 1 478 2095**
**Mobile: 98511 10231**
**Email:** g_bajracharya@yahoo.com.np
**Nationality :** Nepali
**Gender :** Male
**Education :** Master Degree in Business Administration and Commerce from Tribhuban University, Kathmandu, 1977/78
Bachelor of Commerce (B.Com) Tribhuban University, 1973.

**Work Experience :**

**Current Affiliation:** Associated with export marketing company **Alpine Nepal Carpet P. Ltd.** As an self employed entrepreneur, he is operating exports of handmade carpets manufactured. As an marketing consultant he contributing in creating niche market for newly developed handmade carpets specially made from indigenous natural fibers. Company is focused to making designner's customized carpets.

**Institutional Affiliations**:

1. **Executive Director**, Carpet and Wool Development Board from Dec 2000 to May 2006. During his association with the Board, contributed in the following prime areas to shape up and accelerate Nepalese carpet trade and industry. Formulate policies and programme to promote carpet industry sector.

Build up basic infrastructure to organize product development and market promotion programme to promote Nepalese handmade carpet.

Formulated and adopted market diversification strategy to promote Nepalese handmade carpets to promising new market.

Organized Nepal's participation in the World Fair for Carpets & Floor Covering to be held worldwide. Specially Nepal's regular participation in World Carpet Show – Domotex, Germany has been milestone in market promotion of Nepalese handmade carpet.

Set up market information network to cater the information need of carpet entrepreneurs in supporting their market promotional endeavor.

**2. Joint Director, Trade Promotion Centre ( renamed as Trade & Export Promotion Centre/TEPC)** Worked as Joint Director in Trade Promotion Centre a Government Agency for promoting national export trade from 1995 to December 2000,

Prior to this position he had been associated in the different areas of export promotion for 25 years in different capacities at Trade Promotion Centre. He started his career as Officer in Trade Promotion Centre on December 1976.

**Special Assignments**:

1. Contributed as Team Member of Special Study Team to undertake "Study on Issuance of Import License vis-à-vis Actual Merchandise Import Entered into Nepal " formed by then HMG/Nepal , November 1989-March 1990.
2. Worked as Coordinator of Export Promotion Meeting 2000 Organizing Committee and successfully organized the first ever "Export Promotion Meeting 2000" held at Kathmandu from 5-7 April, 2000.
3. Led Business Delegation comprising delegates from Government and private sector to Tibet Autonomous Region of China to talk about the promotion of Nepal's export to Tibet, May 1992.

**Trade Fair Particiapation**:

1. Organized Nepal's Participation in 14th Overseas Import Fair, Partner's for progress, Berlin September 1979.
2. Organized Nepal's "Single Country Trade Exhibition" held in Lhasa, Tibet A. R. of China from 22-26 Sept., 1992.
3. Organized Nepal's Participation in "Calcutta International Trade Fair", Feb., 1993, Calcutta, India
4. Organized Nepal's participation in "18th India International Trade Fair", Nov. 14-27, 1996, New Delhi.
5. Organized "Nepal Trade & Economic Fair in Lhasa", Tibet from 15-22 Sept., 1997.
6. Organized Nepal's participation in "Atlanta Gift Show 004, Atlanta, USA
7. Organized Nepal's participation in World Show for Carpet and Floor Coverings – DOMOTEX in three consecutive years 2003, 2004 and 2005.
8. 6. Organized Nepal's Carpet Fair in Nepal Embassy Russia 12-14 July 2005.
9. Representing Alpine Nepal Carpet participated in World Show for Carpet and Floor Coverings – DOMOTEX in three consecutive years 2008, 2009 and 2013.

**Training & short courses:**

1. **T**raining on "Export Promotion Course May-June, 1981 organized by Manchester University UK.
2. Training on Trade Information Service, 8-28 June 1993, organized by UN/ESCAP, Bangkok, Thailand
3. Short course on "European Export Promotion Programme" held in Brussels, Koln and Dublin, from 12 June-16 July 1988, course conducted by Trade Development Institute of Ireland.
4. In-services training on "Market Research and Application of Modern Technology for Trade Information Activities, 4-15 March 1991, UN/ESCAP, Bangkok.
5. Programme on Economic Diplomacy 9-16 Sept. 1996, Kathmandu, organized by Nepal Administrative Staff College.

**Workshop & Seminar:**

1. "Seminar in Export Marketing from 13-25 March 1977, Kathmandu, Organized by International Trade Centre, Geneva.
2. Workshop Computerized Trade Information & data-Base Management System, June 1985, UN/ESCAP.
3. Seminar on Trade Facilitation 13-17 Nov., 1989 Kathmandu organized by Trade Promotion Cenre and UN/ESCAP, Thailand. 4. Workshop on Export Procedure and Documentation 2-6 Sept.1991,Kathmandu. organized by ITC/UNCTAD/GATT and Nepal Rastra Bank.
5. "Regional Seminar on Uruguay Round Result for Asian Developing Countries" 13-16 March, 1995, Kwalalampur, Malaysia.
6. Seminar on "WTO, Regional Cooperation and Nepal" August 2-3, 1999 Kathmandu, Jointly organized by Nepal Foundation for Advanced Studies (NEFAS) and Coalition for Action on South Asian Cooperation

**Research and Studies:**

1. Carried out Market Study for Nepalese Exportable Spices in Western Europe - Germany, Netherlands & UK in association with ITC Geneva, 1980.
2. Conducted Market Study for Nepalese Hand knotted Carpet in the UK, April-May 1981.
3. Undertaken "Demand Study on Automobile Spare parts, Agricultural Implements, and Cotton Yarns in Nepal in association with Centre for Development Research, April-July 1982
4. Undertaken Study on "Export-Import Procedures in Nepal, Nov. 1989 for UN/ESCAP, Bangkok
5. Associated as Consultant to Management Support Services P. Ltd., for undertaking study on "Export Import Strategies Analysis"1991.
6. Undertaken Market Study for Silver Jewellery and Woollen Knitwear in the Netherlands and United Kingdom, June 1995 for Trade Promotion Centre.
7. Associated as consultant to Research and Study Centre to undertake "Study on Preparation of the Long Term Export Promotion Plan and Strategies" Jan., 2000 Kathmandu.
8. Associated in Organizing number of Seminars and Workshops relating to Export Marketing and Product Promotion.

**Members:**

**1.** Life Member, Child Development Society
2. Secretary, Rotary Club of Dilli Bazar, Kathmandu 2010/11

**Country Visited**

India, Malaysia, Thailand, Germany,The Netherland, Belgium, Russia, United Kingdom, USA


**शीतलहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ, त्यसैले :**

१. न्यानो कपडाको चोहो समयमै गरौं ।
२. शीतलहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं । घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
३. रातको समयमा सिरक, कम्बल जस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्य रूपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं ।
४. शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं ।
५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खानेकुराहरू खाने बानीको विकास गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

## २३ सय...

लैजाने सर्तअन्तर्गत नेपाली श्रमिक पठाउनेसम्बन्धी समझदारीमा हस्ताक्षर भएको थियो । सोही सर्तबमोजिम चरणबद्ध रूपमा नेपाली श्रमिक लैजाने योजनाअनुसार अहिले यस परीक्षा हुन लागेको हो । यो परीक्षा जापान फाउन्डेसनले गर्न लागेको हो ।

## कतै...

सामान्य बदली रही देशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ भने उच्च पहाडी तथा हिमाली भेगका अधिकांश भू-भागमा हिमपात भइरहेको बताइएको छ । मौसम पूर्वानुमान महाशाखाले आगमी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै देशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावनाका साथै उच्च पहाडी तथा हिमाली भू-भागका अधिकांश स्थानमा मध्यमदेखि भारी हिमपात हुने सम्भावना रहेकाले यसकै कारणले जाडो बढ्ने हुनाले चिसोबाट जोगिन आग्रह गरेको छ ।

## कालापानीमा...

बनिरहेको छ । कालापानी र सुस्ता क्षेत्र नेपाल-भारत सिमाना विवादको मुख्य र जटिल भूभाग हुन् । यी ठाउँको सीमा अतिक्रमण र त्यहाँ भारतीय पक्षबाट हुने थिचोमिचो विरुद्ध नेपाली जनताले पटक पटक आफ्नो आवाज मुखर पारेका छन् । २०५५ सालमा कालापानीको अतिक्रमित भूभाग विस्तार गरेर भारतले काँडेतार लगाएको विरुद्धमा नेपालको संसद र सडकबाट व्यापक विरोध भएको थियो । नौ वाम समूहले सांसदहरुलाई अपिल गर्दै, प्रधानमन्त्रीलाई ज्ञापन दिँदै देशभर विरोध प्रदर्शन गरेको थियो । आन्दोलन चलिरहेकै समयमा तत्कालीन भारतीय राजदूत केभी राजनले १९ औं शताब्दीदेखि नै कालपानी भारततर्फ रहेको अभिव्यक्ति दिएपछि नेपालमा त्यसको व्यापक विरोध भयो । त्यसपछि आफ्ना कुराको गलत व्याख्या भएको भन्दै उनले दुई देशबीचको उक्त सिमानामा पुरानो र जटिल पृष्ठभूमि भनेका थिए । कालापानीको विवाद चर्किंदै गएपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कालापानी सिमानासम्बन्धी विषय हो । हामी आफ्नो राष्ट्रिय एकता र सार्वभौमिकतामा कुनै सम्झौता गर्देनौं भन्ने प्रतिक्रिया दिएका थिए ।

सन् १८१६ मा तत्कालीन ब्रिटिश भारतसँग सम्पन्न सुगौली सन्धिअनुसार नेपालको पश्चिम सिमाना कालीनदी कायम भएको थियो । सन् १८५० मा सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा लिपुलेक भन्ज्याङबाट आउने नदीलाई कालीनदी मानी सोही नदीमा सिमाना देखाइएको छ । साथै सन् १८५६ मा प्रकाशित नक्सामा पनि १८५० को नक्साअनुसार नै सिमाना देखाइएको छ । उक्त दुवै नक्साअनुसार कालापानी नेपालको भूभागमा पर्छ । पछि सन् १८७५ मा सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालापानी नदी छाडी कालापानीभन्दा तलको पाखा गाउँ खोलाको दक्षिणपट्टिको डाँडो (पानी ढलो) लाई सिमाना देखाइएको छ । यस नक्साअनुसार कालापानी भारततर्फ पर्न जान्छ । पछि सन् १८७९ मा भारत र चीन सीमा सम्झौता हुँदा पनि सन् १८५० मा सर्भे अफ इन्डियाको नक्सामा देखाइएको लिपुलेक भन्ज्याङलाई कालीनदीको उद्गमस्थल मानी इनजक्सन (निषेधाज्ञा) कायम गरिएको छ ।

सन् १८५० र १८५६ को सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा कालापानी नेपालको भूभागको रुपमा कायम भएपछि त्यसपछि सर्भे अफ इन्डियाबाट प्रकाशित नक्सामा सिमाना फेर्ने कुनै आधार रहँदैन । अतः कालापानी नेपालको भूभाग भएको हुँदा एवं हालसम्म नापी विभागबाट प्रकाशित नेपालको सबै नक्सामा लिपुलेक भन्ज्याङबाट आउने कालीनदीलाई सिमाना कायम गरिएकोले कालापानी नेपालको भूभागका रुपमा रहिआएको छ । ब्रिटिस भारतसँग भएको सुगौली सन्धिपछि त्यही भारत सरकारले सन् १८५० र ५६ मा गरी दुई दुई पल्ट छापेको नक्साले कालापानी लगायतको भूभागलाई नेपालभित्र पारेको छ । यसकारण नेपालले कालापानी आफ्नो भनेर लिएको अडान प्रमाणमा आधारित र जायज छ । १८७९ देखि भारतले आफूखुसी नक्सा छापेर कालापानीलाई भारतमा पार्न खोजेको छ । जुन षड्यन्त्रपूर्ण र अन्तर्राष्ट्रिय नियम कानुन विपरीत छ ।

नेपालले उहिलेदेखि नै आफ्नो भूभागको रक्षा गर्न कदम नचालेका कारण सीमा क्षेत्रमा भारतको बलमिच्याइँ बढेको हो । सीमा सुरक्षाका लागि प्रस्ट रणनीति बनाएर अघि बढ्न नेपाल सरकार अहिले पनि चुकिरहेको छ । भारतसँग सीमा जोडिएका कतिपय स्थानमा आफ्नो सुरक्षा संयन्त्र व्यवस्थित रुपमा तैनाथ गर्न नसक्नु कमजोरी हो । सीमा विवाद सुल्झाउन दुईपक्षीय रुपमा समिति बनाइए पनि त्यस्तो प्रयास फितलो सावित हुँदै आएको छ । कालापानी र सुस्ता विवाद प्रशासनिक तहबाट समाधान हुन सक्दैन । नेपालको अन्तर्राष्ट्रिय सिमाना रक्षाका लागि प्रतिबद्ध रहेको र दुई मित्रराष्ट्रबीचको सीमा समस्याको समाधानको ऐतिहासिक दस्तावेज एवं तथ्य प्रमाणको आधारमा कूटनीतिक माध्यमबाट हुनुपर्ने नेपालको स्पष्ट धारणा रहेको नेपाल सरकारले जनाएको छ । साथै कालापानी र लिपुलेक नेपालको भएको स्पष्ट पारिसकेको छ । भारतको एक पक्षीय निर्णय नमान्ने समेत नेपालले बताइसकेको छ ।

केही दिन अघि मात्र राज्यको निर्देशक सिद्धान्त नीति र दायित्व कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिले अतिक्रमित भूमि तत्काल खाली गराउन सरकारलाई निर्देशन दिएको छ । समितिले भारतबाट अतिक्रमित भूमि खाली गरी तत्काल नेपालको नयाँ राजनीतिक नक्सा जारी गरेर शैक्षिक संस्थालगायत सम्पूर्ण क्षेत्रमा उपभोग गराउन समेत निर्देशन दिएको छ । साथै अतिक्रमणमा परेका क्षेत्रमा १२ महिना बस्न मिल्ने चौकी स्थापना गरी नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई तैनाथ गर्न पनि समितिको निर्देशन छ । सर्वोच्च अदालतले सरकारको नाममा ६ बुँदे निर्देशात्मक आदेश जारी गर्दै भारतले हालै नेपालको दार्चुलास्थित कालीनदीको लिम्पियाधुरा समेत समेटेर जारी गरेको नक्सा बदर गरी नयाँ नक्सासहितको संविधान संशोधन हुनुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएको छ ।

## यति...

ओली समूहको गठजोडबारे ओली समूहले खण्डनको झिनो प्रयास गरे पनि त्यो पानीको फोका सावित भएको छ । मुलुकको सिंगो पर्यटन मात्र नभएर कूटनीतिक क्षेत्रको हिस्सासमेत यति समूहलाई प्रदान गरेकोमा अहिले सेक्युरिटी प्रेस भित्र्याउने एजेन्टको जिम्मेवारी समेत यति समूहलाई दिएको समाचार सार्वजनिक भइसकेको छ । ११ अर्बको प्रेस २३ अर्ब बनाएर बीचको १३ अर्बको कुम्लो कस्ने जिम्मेवारी यति समूहलाई नै सुम्पेर ओली समूहले यति ओली गठबन्धनलाई अझ प्रगाढ बनाएको छ ।

## पप्पु...

अधुरै छाड्ने गरेपछि कालोसूचिमा राख्नु परेको कार्यालयले जनाएको छ । पप्पु कन्स्ट्रक्सनले पूर्वको सुनसरीदेखि पश्चिमको कञ्चनपुरसम्मका २८ वटा पुलको ठेक्का पाएको छ । अधिकांश पुलको समयावधि सकिएको छ । तर, कुनै पनि पुल सम्पन्न भएका छैनन । पप्पु कन्स्ट्रक्सनविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा पनि दायर गरेको छ ।

## विदेशीको...

चेन विनविन छु लुई लीले बैंकिङ कसुरमा मुद्दा खेपिरहेका छन् । जापानका ताकेनाका मिकुलाई लागुऔषध मुद्दामा गत असार ६ गतेको गृह मन्त्रालयको सचिवस्तरीय निर्णयले १० वर्ष नेपाल प्रवेशमा रोक लगाउने गरी निष्कासन गरिएको छ ।

## कसले...

अंग्रेजको प्रयास सफल हुन दिएको थिएन । यत्तिकैमा अंग्रेज पक्षले सीमा विवादको निहुँ खोजेर आफ्नो इच्छाको तगारोको रुपमा रहेको नेपाललाई घुँडा टेकाउने चक्रब्युह रच्यो । सन् १८०१ मा नेपाल र इस्टइन्डिया कम्पनीबीच भएको सन्धिको धारा ५ मा उल्लेखित सीमा र भूभागबारे दुई देशबीच विवाद उत्पन्न भएमा प्रचलित न्याय सिद्धान्त र औचित्यका आधारमा दुवै देशका प्रतिनिधिहरुले त्यसको छिनोफानो गरी विवादित स्थानमा स्थायी रुपको सीमा स्तम्भ निर्माण गरी कुनै अतिक्रमण गर्नुको साटो त्यसलाई मार्गदर्शक रुपमा लिनेछन् भनिएको छ । तर अंग्रेज पक्षले २५ दिनभित्र नेपालले बुटवल र स्युराज छोड्नुपर्ने धम्कीपत्र पठायो । नेपालले अंग्रेजले दिएको समयसीमामा ती स्थान छोडेन । म्याद बित्नासाथ अंग्रेज सेनाले बुटवलमा चढाइँ गर्‍यो । जब अंग्रेज सेना त्यहाँबाट फर्कियो नेपाली सेनाले फेरि बुटवल र स्युराजमा पुनः पूर्ववत अधिकार जमायो । यसैलाई निहुँ बनाएर सन् १८१४ नोभेम्बर १ मा अंग्रेज पक्षले नेपालसँग अप्रत्यासित युद्धको घोषणा गर्‍यो ।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-२२



खोमदत्त बराल

घोप्टो पारेर बज्रासनमा बसे पछि स्प्रीङ्ग युक्त रियोले घोचेर स्याम्पल निकाल्दा झनझनाउँदो हुन्छ रे । बोनम्यारे त निकालियो । तर पनि धेरै बेर पछि पनि रगत आउने सम्भाबना भइरहदो रहेछ । आधा घण्टा सम्म सुतेर रगत आउन छोडे पछि आफ्नो कोठामा आइ सके पछि पनि आलो रगत आएको देखिए पछि हतार हतार अस्पताल गइयो , देखाइयो, ड्रेसिङ्ग गर्‍यो । दबाइ लगाइ दियो । त्यस पछि पनि आधा घण्टा बसेर अनि बासस्थानमा आइयो । यो राजीब गान्धी असपताल खोलेको बीस बर्ष जति भए छ । ब्यापारीहरु मिलेर खोलेको रे । यहाँ भारतका सबै निजामती कर्मचारीलाई निशुल्क उपचार गर्छ रे । अस्पताल पनि भव्य रमाइलो छ । अघि पट्टि चौरमा बिरामीहरु बसेको देखियो । डाक्टरहरु ज्यादै सहयोगि र सद्भाब भएका छन् रे । दुई एक सँग देखा भेट भए खासै कुरा कानी भएन । यस अस्पतालमा हामीसँग काम गरेको रा.बा. बैंकको कर्मचारी अरुण पंत दबाइ गर्दै छन् रे भनेको सुनेको थिए । जोनम्यारोमा के समस्या थियो रे । धेरै दिन देखि यही आएको सुनेको कारणले खोजी हेरे । वार्डमा पनि भिजिट गरे । तर वार्डमा भर्ना भएको मात्र थाहा हुन्छ पुरानो बिरामी भए । रेकर्ड शाखामा हेर्नु पर्ने रे । भेट हुन सकेन । त्यसै गरी धनकुटा जिल्ला न्यायाधीस श्याम लावती एपोलोमा थिए रे । तयहाँ जान खोज्दा बिर्सिएछ । बेद लाबतीले त भनेको थियो । फोन नम्बर पनि दिन्छु भनेको थियो दिएन । हतार हतार थियो । एस्कर्ट मुटु अस्पतालका डा. परबीर अग्रवालले भाले सातो लिइ दिएको कारण आफू हतास अबस्थामा एपोलो पुगेको कारण पनि होला श्यामलाई खोज्नै बिर्सिएछ । अस्पताल मानै बसेको मान्छेलाई भेट्न गारै थिएन । यो पंक्तिकार पनि बडा जवानीको खेल हेर्दैछ । यति बेला मेट्रोको बरिष्ट नागरिक या बिकलाँगहरु भनेर सूचित गरिएको सिटमा बसिएको छ । वरिपरि धेरै थोरै युबती त हुन्छन् नै आँखा घुम्छन् । यी जबान बच्चीहरुको सुदुर भबिष्य के होला यति बेला यी जीबन बनाउँने खेलमा जीउ ज्यान छोडेर लाग्नु पर्ने थियो होला । स्कुल कलेज पढ्ने केलामा आफ्नो जवानीको बिज्ञापन पो गर्दैछन् कि भन्ने देखिने हाउ भाउ बसा उठ र लवाइ खुवाइले स्पष्ट पारिरहेको बुझिन्थयो । तर यो मनो बिज्ञान व्यक्तिको आफ्नै मनबाट बिकाश भएको ज्ञान त हो । आफ्नै बाताबरण, आफ्नै परिबेसको कसिमा अरुलाई मूल्याङ्कन गर्नु अन्याय पनि होला । तर ज्यादै कसिलो पाराका जीन पेन्ट, खुकुलो पाराका टिसर्ट । अर्ध प्रदर्शनका पोसिला पदार्थ । स्वभाबिक आकर्षणका बिज्ञापन कै प्रमाण जस्तै सहज बुझ्न सकिने । कतिपय कुराहरु स्वभाबिक प्रगति हुनछन् तर ती बिज्ञापन नै भनिनु पर्ने हुदैन । तर केही कुरा भने बिज्ञापनकै रुपमा बुझ्न सकिन्छ । जे होस् आर्य संस्कृतिलाई अरु संस्कार संस्कृतिले हस्तक्षेप गरेको बुझिन्छ । अरु संस्कृति सँग आर्यन संस्कृतिको मिश्रणले दुस्कृति सिर्जना गरेको छ । खुवाइ लवाइको रहर आत्मीय सन्तुष्टिको रहर अरुलाई आकर्षणको ईच्छा शारीरिक तृष्णा आपुर्तिका प्रकृयाको चासो जनिन हाउ भाउ पनि हो । यसले आत्मिय आनन्दलाई शारीरिक आकर्षणमा होमिनु उचित हुदैनकि तर आजकल आत्मालाई पिडा पुर्‍याएर क्षणिक शारीरिक तृष्णा समनको प्रयासमा निर्लिप्त हुनुमा नै श्रेयस्कर मानिने समाज उन्मूख छ । मानिसमा सोहि प्रबृत्ति बिकाश हुदैन ।

बत्ती गयो । यहाँ पनि load sheding हो कि अघि ट्रलि मेट्रोमानै भएको समयमा बत्ती गएको भए के हुने थियो होला । मेट्रोमा छुट्टै ब्यबस्था होला । जेनेरेटरले यति ठूलो पपिरयोजना धान्न सक्दैन । बीस मिनेट भै सक्यो बत्ती गएको आउँने छाट काट छैन । यहाँ लोड सेडिङ्ग त होइन होला । कही कतै मर्मत गर्नु पर्ने जोग पर्‍यो कि । काठमाण्डौंमा चालिस सालतिरको कुरो हो । यो पंक्तिकार मीनभवनबाट एउटा रोपो ग्राफी नक्सा लिएर अफिस फिर्दै गर्दा करिब एक घण्टा जति ट्रलिमा नै बस्नु परेको थियो । हिडेरै जान पनि सकिन्थ्यो । छाता थिएन पानी राम्रै गरी ठूलै झरी परि रहेको थियो । त्यसमा पनि बिद्युत आपूर्ति नभै गेट खुल्ने वाला पनि हुदैन । यसैले लामै समय ट्रलिमा नै बसियो । यहाँ दिल्लीमा आएको सात दिन सम्म बत्ती गएको थिएन । आज करिब पच्चीस मिनेट गयो । हालमा आइसकेको छ । यहाँ दिल्लीमा गर्मिको बेलामा दिनको काम बिहान बेलुका गर्ने चलन छ । तर गाडी त चलाउँनै पर्छ । दिनमा पनि चल्छन् । बिचरा ट्याक्सी टेम्पो रिक्साहरु साना भएकाले सडकको तातो ठ्याक्कै अनुहारमा आगोको मुस्लोले हिर्काए जस्तो हुन्छ । गर्मीले गदा ज्यानको पानी उम्लेर जाहीं त्यहिँबाट खलल्लै बग्न थाल्छ । यसैले रिक्साको यात्रामा तातो हावाले लपक्कै लपेड्छ । यसो आगोको झिल्का छोएमा खरमा आगो लागे झैं हुन्थ्यो होला । अब दिल्लीको बसाइ आजै सकिदैछ । भोलि दुई बजे उडानका लागि दस बजे नै यहाँबाट कुमलो कुटुरो उठाउँनु पर्छ । स्पाइस जेटको हवाइ उडान् । हावाको उल्टी बेगले गर्दा यहाँबाट काठमाण्डौं पुग्नलाई आउँदा एक घण्टा लागेको थियो भने फर्कदा दुई घण्टा लाग्छ रे । तर स्पाइस जेटमा पानी पनि किन्नु पर्छ । काला कालुसि एयर होस्टेजले ट्रलीमा खाने कुरा त ल्याउँछन् तर जेटको नियमको कारण खाने कुरा बेच्ने प्रणाली बसालेको रहेछ । काना देसमा आँखा चिम्लनु रे । लंगडाको देशमा खुट्टै खोच्याउँनु रे भन्छन् । यस्तै गरी सात दिन दिल्लीमा बस्दा बिहान पाउँरोटी आदि नास्ता । एक बजेतिर भात दाल अनि बेलुका रोटी तरकारी यो प्रबृत्तिगत बिकाश भएको छ । भोलि काठमाण्डौ गए पछि त उहि नौ बजे भात खा । बाहिर चल । दिनभरी घुमफिर काम काज बेलुका घरमा भात खा । यही पारामा चल्नु छ भने यहाँ सात दिन भए पनि केही ब्यबहारगत परिबर्तन यो पनि ठिकै होला । आजकलका भाषामा फुड ह्याबिटमा शिफ्द बसोबासमा परिबर्तन न र चलनखेलनमा नयाँ पन । यी सबैले स्वादमा फरकपनाले जीबनमा पनि फूर्ति बढ्छ रे । यहाँ त फ्यान र एयर कुलर चलाए पनि गर्मी नै छ । दिनमा त घाम लागेको समय एसिको हावा पनि तातेर आउँछ । पानी नै उम्लिने अबस्थामा पुगेको पानीले चलाएको एसिबाट चिसो हावा फ्याक्ने सम्भावना हुदैन । यसैले यति बेला एक दमै तातो हावा फ्याक्दैछ एसी ले पनि फ्यान पनि चलिरहेको छ । बायुमण्डलमा कहिँ कतै चिसो भए पो फ्यान र एसिले खोजेर चिसो हावा फ्याक्न पाउँछन् । ढिकुटिमा भए पो भाडामा पाक्छ । यस्तै छ एसि र फ्यानको पारा । चिसो पानी लगाउँन पाएमा भने एसीले चिसो हावा फ्याक्न पाउँन थियो बिचरो एसी खान पाएपो । अर्कालाइ पनि केही दिन्थ्यो होला ।

प्रदिप दाइको सबै रोग निको भइसकेछ । एक दुई वटा रिपोर्ट लिन बाँकी छ । ल्याबले पाँच बजे मात्र रिपोर्ट आउँछ भनेको छ । डाक्टरले दुई बजे नै बोलाएको थियो । ल्याब र क्लिनीक बिभागको मैत्री सम्बन्ध रहेनछ क्यारे । डाक्टरले बुझेर भनि दिउँला भनेको भए पनि ल्याब इन्चार्जले डाक्टरले भन्दैमा हुदैन । क्यान्सर भनेको ल्याबबाट यकिन गर्ने रोग हो । ल्याबले गलत रिपोर्ट तयार गर्‍यो भने ट्रिटमेन्ट पनि गलत बाटोमा जान्छ । यसैले ल्याबले हतार गर्न मिल्दैन भनेर पाँच बजे सम्म नै बसेर रिपोर्ट लिएर आइयो । डाक्टरलाई देखाइयो । सबै ठिक भइ सकेको ब्यहोरा डाक्टरले भने पछि बिरामी र आफन्तजन कति खुसि हुन्छ होला । सबैले बुझेकै बिषय हो । हामी पनि कत्ति खुसी भयौं । यहाँ यी शब्दहरुले खुशीको भाब बोक्न सक्दैन । वास्तबमा जुन सुकै कार्यालयमा प्रशासनिक मानिसको हैकम बढि हुन्छ । विश्वबिद्यालयतिर पनि शैक्षिक कार्यक्रम संचालन गर्ने र परीक्षक कार्यक्रम संचालनमा बिबाद हुने गरेको थाहा छ । यस पंक्तिकारले एम ए को परिक्षा प्राइभेट पास गरे पनि थेसिस लेख्न सुरु कस्यो । त्यति बेला शैक्षिक बिभाग र परीक्षा नियन्त्रण कार्यालय बीच मैत्री भाव रहेनछ । थेसिस गाइड पाउँन गाह्रै परेको संझना यति बेला भयो । यसैले संस्थाका सबै बिभागहरुमा मैत्री सम्बन्ध भएमा मात्र संस्थाहरुको कार्यक्रमहरु स्वास्थ्य रुपमा सुसंचालन हुन्छन् । यहाँ दिल्लीमा गर्मी हुन्छ । गर्मीले गर्दा हावालाई तापले इमापेरिट गर्छ र तातो हावा हलुका भएर बायु मण्डलको माथिल्लो भागतिर उकालो लाग्छ । यहाँ पनि हावाको उपस्थितिले आफ्नो लेभल आफै मिलाउँछ । पानीले आफ्नो लेभल आफै मिलाउँछ भनेर आर्किमिडि जेल प्रयोग गरेको थिए । यसै गरेर हावाको लेभल पनि आफै मिलाउँन प्रकृत्तिले प्रकृया तय गरेको छ । यस्तो बेलामा गर्मी स्तर अनुसार हावाको पनि चाप कम बेसी हुने गर्छ । आज अस्पतालबाट बाहिर निस्के देखि नै हावा चलिरहेको छ । धुलो प्रशस्त उडेको छ । सहज रुपमा हिड्न कठिन सिर्जना भएको छ । गर्मिले गर्दा यहाँको हावा त माथि गइ हाल्यो । त्यसैले चिसो हावाले यो ठाउँमा लेभल मिलाउँन निकै बेगिलो रफ्तारमा यहाँ मतलब गर्मी ठाउँमा हावा चलेको देखिन्छ । हुन त हावाका गति गर्मी ठाउँमा मात्र बढ्ने चाहिँ होइन । गर्मीले गर्दा तातो हावा माथि जाने र चिसो हावाले नै पुनस्थापना गर्दा हावा चल्छ । आज दिल्ली रोहिणी क्षेत्रमा निकै हावा चल्यो । (समाप्त)

करिब ४५ हजार सैन्यबल त्रियासी तोपका साथ युद्धभूमिमा उत्रिएको अंग्रेज पक्षको तुलनामा त्यसको आधा पनि सैन्य संख्या नभएको नेपाल उनीहरुसँग वीरतापूर्वक लडे पनि पर्याप्त सैन्य सामग्री आवश्यक फौजका अभावमा अन्त्यसम्म डटिरहन सकेन । नालापानीको लडाइँमा जित्न नसकेपछि पानीको मुहान थुनिदिएर भोकै प्यासै मार्ने अमानवीय रणनीति अंग्रेजले लिएपछि बलभद्र कुँवरले त्यो किल्ला छोडिदिए । १८१५ अप्रिल २३ का दिन हस्तीदल शाहीले वीरगति पाए । मलाउको किल्लाको रक्षार्थ बसेका ७० वर्षीय वीरनायक भक्ति थापा पनि छातीमा तोपको गोला लागेर दिवंगत भए । अलमोडाको युद्ध मोर्चामा २८ अप्रिलमा बम शाह अंग्रेजसामु आत्मसमर्पण गर्न बाध्य भए । बम शाहको आत्मसमर्पणको घटनापछि अंग्रेज पक्षका डेभिड अक्टरलोनी र नेपाल पक्षका अमरसिंह थापाबीच वार्ता भयो र सन् १८१५ मे १५ मा एक समझदारी पत्रमा हस्ताक्षर भएपछि युद्ध स्थगित भयो ।

सुगौली सन्धि हुनुपूर्व नेपाल कहाँदेखि कहाँसम्म फैलिएको थियो भन्ने विषयमा स्पष्ट हुन सुगौली सन्धिलाई नै आधार मान्ने गरिन्छ । यद्यपि सुगौली सन्धिले नेपालको पूर्वी सिमाना मात्र स्पष्टसँग निर्धारित गरेको छ । दक्षिण सिमानाबारे सन्धिमा टिस्टादेखि महाकालीबीचको तराईको सम्पूर्ण भूभाग भन्ने मात्र उल्लेख पाइन्छ । तर तराईमा नेपाल कहाँसम्म हो भन्नेबारे किटान गरिएको छैन । उक्त सन्धिमा पश्चिमको सिमानाबारे धारा पाँचौंमा नेपालले महाकाली पश्चिमका सबै भूभागमाथिको अधिकार परित्याग गर्नुपर्ने भनी उल्लेख गरे पनि महाकाली पश्चिम कहाँसम्मका भूभाग भन्ने विषयमा केही पनि स्पष्ट गरिएको छैन । जेहोस् महाकाली नदीलाई नेपालको पश्चिम सीमा स्वीकार गरिस्एको ऐतिहासिक दस्तावेज हो सुगौली सन्धि । अक्टरलोनी र अमरसिंह थापाबीच भएको द्विपक्षीय समझदारी पत्रमा महाकाली नदीदेखि सतलज नदीबीचका विभिन्न भूभागको उल्लेख पाइन्छ जसमा युद्धपूर्व नेपालको सार्वभौम सत्ता स्थापित थियो । यही समझदारी पत्रले नेपालको पश्चिम सीमा सतलजसम्म थियो भन्ने पुष्टि गर्छ ।

लिम्पियाधुरा, कालापानी र लिपुलेकसहितको भूभागलाई समेटेर भारतले १६ कात्तिकमा आफ्नो नक्सा सार्वजनिक गरेपछि सीमा विवाद र नेपालको नक्साको बहस चलिरहेको छ । भारतीय नक्साको विरोधमा सडकदेखि सदनसम्म आवाज उठ्यो र यो मुद्दा न्यायालयसम्म पनि पुग्यो । सर्वोच्च अदालतले नेपालको आधिकारिक भूगोल दर्शाउने दस्तावेज देखाउन आदेश दिएपछि सरकारले सुगौली सन्धिको सक्कल प्रति खोजी सुरु गर्‍यो तर पाउन सकेको छैन । राष्ट्रिय अभिलेखालय ऐनले २५ वर्ष वा सोभन्दा पुराना कागजपत्रहरु सबै कार्यालयले राष्ट्रिय अभिलेखालयमा पुर्‍याउनुपर्ने बताएको छ । तर दुई सय वर्ष पुगिसक्दा समेत सुगौली सन्धिको सक्कल प्रति त्यहाँ पुगेको छैन । जब जब सीमा विवाद हुन्छ सुगौली सन्धिको नक्साको खोजी हुन थाल्छ । सुगौली सन्धि र १९५० को सन्धिको सक्कलहरु कलकत्ता लाइब्रेरी र ब्रिटिस लाइब्रेरीमा खोजी भइरहेको बताइन्छ । २ डिसेम्बर १८१५ मा सुगौली सन्धिमा हस्ताक्षर भएको थियो । यो त्यही सन्धि हो, जसबाट नेपालले आफ्नो अधिनस्थ भूमिको एकतिहाइभन्दा बढी भूभाग गुमाएको थियो र अहिलेको भूगोल निर्धारण गरेको थियो । सन्धिमा नेपालका तर्फबाट गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा कम्पनी सरकारका तर्फबाट लेफ्टिनेन्ट प्यारिस ब्राड्सा थिए ।

## नवल...

सांसदहरु दामा शर्मा, सरस्वती गौतम, अमर डाँगी लगायतले नायक खड्कालाई सम्मान गरेका थिए ।

नायक तथा निर्माता खड्काले चलचित्र निर्माण गर्दा सस्तो र मसलेदार विषयवस्तुभन्दा पनि राष्ट्रियता जस्तो गहन विषयलाई प्राथमिकता दिँदै आएका छन् । चलचित्र निर्माणका अतिरिक्त विभिन्न मञ्चहरुमा राष्ट्रियताको बारेमा बोल्न र सडकमा हुने प्रदर्शनमा समेत खड्का अग्रपंक्तिमा सहभागी हुँदै आएका छन् । खड्काले दशगजा, भीमदत्त लगायतका राष्ट्रियताले ओतप्रोत फिल्म निर्माण गरिसकेका छन् भने अहिले 'काँडेतार' फिल्म निर्माणको अभियानमा जुटेका छन् । उक्त कार्यक्रममा चलचित्रकर्मीहरु नवीन सुब्बा, मुनाल घिमिरे, अमृत सुनुवार, विनोद श्रेष्ठ, अनुप सुवेदी समेत सम्मानित भएका छन् । नेपाली कला संस्कृति र पर्यटन प्रबर्द्धनको उद्देश्यले आयोजित महोत्सव मंगलबारबाट सुरु भएको हो ।

## किन सम्झने...

राष्ट्रिय एकता दिवस खारेज गरे । यसो गर्नमा विशेषतः माओवादी र क्रिश्चिनरी मिसनको मुख्य हात थियो । पृथ्वीनारायण शाहले केपुचिन पादरीलाई क्रिश्चियन धर्म प्रचार गर्न नदिई उपत्यकाबाट लखेटेका थिए । यसकै बदलामा अहिले क्रिश्चियनहरुले पृथ्वीनारायण शाहलाई अपमान गर्न सरकारलाई समेत प्रभावमा पार्न सफल भएका छन् ।

पृथ्वीनारायण शाह आजको नेपालको एकीकरणकर्ता हुन् । उनले आफ्नो जीवनकालमा नेपाललाई पश्चिममा महाकाली र पूर्वमा मेची नदीसम्म विस्तार गरेका थिए । पृथ्वीनारायण शाह यदि नभइदिएका भए आजको नेपाल सम्भव थिएन । इतिहासमा नेपाल कहिले कसैको पराधीन भएन । अंग्रेजहरुले नेपाललाई अधिनस्थ गर्न खोज्दा पृथ्वीनारायण शाहले नै उनीहरुलाई असफल बनाइदिएका थिए । शाहकै कारण देशले स्वतन्त्रता दिवस मनाउनु परेन । तर नेपाललाई एकीकरण गर्ने यी महान् सपूतलाई सम्मान गर्दै राष्ट्रले एकता दिवस मनाउँदै आएको थियो । गणतन्त्र आएपछि पृथ्वीनारायण शाहलाई अवमूल्यन गर्दै राष्ट्रिय एकता दिवस एवं उनको जन्मजयन्ती समेत मनाउन छोडियो । अहिले देशमा लादिएको संघीयताले पृथ्वीनारायणले एकीकरण गरेको तराई भूभाग अलगाउवादी आप्रवासी भारतीयहरुले टुक्र्याउन खोज्दैछन् । एकीकृत समृद्ध र अखण्ड नेपालका अभिष्टता पाल्ने पृथ्वीनारायण शाहलाई यतिबेला देश र जनताले झल्झली सम्झिरहेका छन् ।

पृथ्वीनारायण शाह पहाडी राज्य गोरखाका राजा भएर पनि उनले नेपाल राष्ट्र बनाउन गरेको महान योगदान नै सबै नेपालीले उनलाई सम्झनुपर्ने कारण हो । वि.सं. १७६८ अघिसम्म नेपाल 'नेपाल राष्ट्र' थिएन । यसै मितिदेखि नेपालको इतिहासको आधुनिक काल मानिन्छ । पृथ्वीनारायण शाहले गुरिल्ला युद्धद्वारा नेपाल एकीकरणको आरम्भ गरे ।

एकीकरण अभियान उनले एक्लै गरेका होइनन्, उनलाई जनताले पनि साथ दिएका थिए । भलै उनले नेपाल एकीकरणको नाम दिएर युद्ध लडेनन् राज्य विस्तार गरे । त्यही राज्य विस्तार अभियान नै नेपाल एकीकरणको ऐतिहासिक अभियान थियो । आज हामीले टेकेको धर्ती उनकै नेतृत्वमा भएको जनबाहुबलको परिणाम हो ।

पृथ्वीनारायण शाहको राज्य विस्तारको अभियानलाई खुनी हमला देख्नेहरु उनलाई द्रव्यपिसाचका रुपमा व्याख्या गर्नेहरु, विलासी एवं क्रुर शासकको रुपमा उनको व्याख्या गर्नेहरुले नेपाल राष्ट्रको एकतालाई खारेज गर्नुपर्ने भाषाहरु परोक्ष रुपमा बोलिरहेका छन् । अर्थात् फेरि जातीय राज्यहरुको अस्तित्व स्थापित हुनुपर्ने घुमाउरो तर्क गरिरहेका छन् ।

किराँत राज्यसँग, उपत्यकाका मल्ल राज्यहरुसँग, लमजुङसँग पृथ्वीनारायणले गरेको सम्झौता उनले पूरा नगरेको भनेर उनलाई धोकेबाजको पगरी गुथाउने स्वघोषित बुद्धिजीवीहरु पनि देखिँदैछन् । सर्वमान्य कुरा हो युद्ध र प्रेममा जे पनि जायज हुन्छ । यसकारण पृथ्वीनारायण शाहले विल्कुलै ठीक गरेछन् । उनले अधिनस्थ गरेका राज्यहरुलाई फेरि स्वअस्तित्वमा आउन दिएनन् र टुक्रा टुक्रा भूभागलाई मिलाएर भावी सन्ततिलाई सिंगो नेपाल दिए । पृथ्वीनारायणको नेपाल एकीकरण अभियानलाई 'खुनी' हमला बताउनेहरु पनि छन् । तिनले शाहअघिकै भुरे टाकुरे राज्यहरुको अस्तित्व चाहेका हुन् भने तिनीहरु देशद्रोही करार भएर जेलमा ठिंगुरा ठोकाएर जाकिन लायक छन् ।

विश्वमा राष्ट्र निर्माताहरुलाई अघोर नै सम्मान गरेको पाइन्छ । छिमेकी मुलुक भारतमा महात्मा गान्धीलाई, चीनमा सनयात सेनलाई राष्ट्रपिता मानिन्छ । अमेरिका जर्ज वाशिंगटन, थोमस जेफरशन, बेन्जामिन फ्रेंकलिन, जोन एडम्स, जेम्स मेडिसन, अलेक जेन्डा हेमिल्टिन, अमेरिकाका फाउन्डिङ फादरक रुपमा चिनिन्छन् । उनीहरुले १३ वटा राज्यलाई मिलाएर युनाइटेड स्टेट्स अफ अमेरिकाको स्थापना गरेका थिए । इटलीका मिनटर इमानुअल द्वितीयलाई फादर अफ फादर ल्यान्ड भनिन्छ । गैरीवाल्डी, मेजिनी, क्यामिना वेल्सो, काउन्ट कैबुरलाई संस्थापक पिता मानिन्छ । टर्कीका मुस्तफा कमाल अर्नातुकलाई पनि राष्ट्रपिताकै दर्ज दिइएको छ ।

लि क्यान युलाई सिंगापुरका राष्ट्रपिता मानिन्छ । फ्रान्स र जापानको उपनिवेशबाट भियतनामलाई मुक्त गराउने होची मिन्हलाई भियतनामी जनताले कति आदर गर्छन् ? पाकिस्तानका मोहम्मद अलि जिन्नालाई कवाइद आजम अर्थात् महान नेता भनेर सम्मान गरिन्छ । रुसका पिटर, जर्मनीका विस्मार्क, बेलायतका एगवर्ड, फ्रान्सका नेपोलियन, जापानका ओडानोगुन एजा, टोकुगावा र इयसो, इटलीका क्यामिलो क्याभोर जिसेफ गरिवाल्डी, ग्रिसका अलेक जेन्डर महानकै जत्तिको योगदान छ नेपाल एकीकरणमा पृथ्वीनारायण शाहको ।